का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ चैत २०८१,
आइतबार
6 April, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक ६३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com






# अप्ठ्यारोमा राप्रपा

## तीनकुने घटनाले राजसंस्थाको एजेन्डा र पार्टीको आन्दोलनमा धक्का

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २३ चैत ।

राजसंस्था पुनर्स्थापनाको एजेन्डालाई जनताबाट आनुमोदन गर्ने प्रयासमा लागेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तीनकुने घटनापछि अप्ठ्यारोमा परेको छ। १५ चैतमा मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'को ब्यानरमा राप्रपाका नेताहरूसहितको आन्दोलनले हिंसात्मक रूप लिएसँगै राप्रपाले आफ्नो एजेन्डामा समेत क्षति पुगेको निष्कर्ष निकालेको हो ।

४ चैतमा राष्ट्रिय पञ्चायतका पूर्वअध्यक्ष नवराज सुवेदीको नेतृत्वमा राजसंस्था पुनर्स्थापना संयुक्त जनआन्दोलन समिति गठन भएको थियो । पूर्वराजा ज्ञानेन्द्र शाहकै सक्रियतामा गठन भएको भनिएको सो समितिमा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशम्शेर जबरा, राप्रपा नेपालका अध्यक्ष कमल थापा र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपालका संयोजक दुर्गा प्रसाईंसहित ११ सदस्य बनाए पनि राप्रपाका अध्यक्ष लिङ्देनले आफूलाई नसोधी समितिमा राखिएको भन्दै उक्त जिम्मेवारी अस्वीकार गरेका थिए । पृष्ठ २ मा



केही साथीहरूले पार्टीलाई नै नवराज सुवेदीको अभियानमा लगेर मिसाउने प्रयास गर्नुभएको थियो, अध्यक्ष र मैले त्यसलाई रोक्यौं ।

■ **बुद्धिमान तामाङ**
**वरिष्ठ उपाध्यक्ष, राप्रपा**

### २६ चैतमा काठमाडौंमा प्रदर्शन गर्ने

यसैबीच राप्रपाले यही २६ चैतमा बाग्मती प्रदेशस्तरीय प्रदर्शन कार्यक्रम गर्दै छ । सो कार्यक्रमका लागि तीनकुने घटना तगारो बनेको नेताहरूले महसुस गरेका छन् तर पनि कार्यक्रमलाई अझ व्यापक बनाउने नेताहरूको भनाइ छ ।

'पार्टीले पहिले नै तय गरेको ७ वटै प्रदेशस्तरीय कार्यक्रमअन्तर्गत बाँकी रहेको बाग्मती प्रदेशको यो कार्यक्रम हो', राप्रपाका वरिष्ठ उपाध्यक्ष तथा सांसद बुद्धिमान तामाङले भने, 'हामीले ६ वटा प्रदेशस्तरीय कार्यक्रम गरिसकेर बाग्मतीको कार्यक्रम २५ फागुनमै गर्ने तय भएको थियो । त्यस दिन राजालाई स्वागत गर्ने कायर्यक्रमसमेत रहेकाले स्थगन गरिएको र पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## संघमा निर्वाचनका लागि आज उम्मेदवारी दर्ता

**काठमाडौं/मस**–नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी २९ चैतमा हुने निर्वाचनका लागि आइतवार उम्मेदवार दर्ता हुँदैछ । २१ सदस्यीय कार्यसमितिमा अध्यक्षसहित ७ पदाधिकारी र १० सदस्य गरी १७ पदका लागि निर्वाचन हुनेछ ।

निर्वाचन समितिले आइतवार ११ बजेपछि मनोनयन दर्ता गर्ने समिति सदस्य भवानी निरौलाले जानकारी दिए । समितिले ९०३ जना मतदाताको टुङ्गो लगाएकोमा ३५ जना मतदाताको नाममा दाबी विरोध परेको छ ।समितिले आइतबार प्रमाण हेरेर अन्तिम निर्णय गर्ने बताएको छ ।

संघको निर्वाचनका लागि यसपटक २ प्यानल सार्वजनिक भएका छन् ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल पृष्ठ २ मा

### निर्णयविपरीत उम्मेदवारी दर्ता नगराउन एसोसिएसनको आग्रह

**काठमाडौं/मस**–नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले २९ चैतमा हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा एशोसिएसनको निर्णयको प्रतिकुल हुने गरि उम्मेदवारी दर्ता नगर्न/नगराउन आग्रह गरेको छ ।

मनोनयन दर्ताको अघिल्लो दिन शनिबार एशोसिएसनका अध्यक्ष दीपक थापाले पृष्ठ २ मा

### निर्वाचनलाई प्रभावकारी बनाउन गेलाल समूहका विभिन्न समिति

**काठमाडौं/मस**–प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको असन्तुष्ट पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीच तालमेलमा संयुक्त व्यवसायी समूहले निर्वाचन परिचालनलाई प्रभावकारी बनाउन विभिन्न समिति गठन गरेको छ । निर्वाचन परिचालन समितिका संयोजक सरोज पृष्ठ २ मा

# फौजदारी मुद्दामा माफी नहुने

## चौतर्फी विरोध भएपछि संसदीय समितिले शान्तिपूर्ण राजनीतिमा आएकै आधारमा राजनीतिक दल वा समूहका नेता/कार्यकर्तालाई फौजदारी मुद्दामा माफी र त्यस्तो मुद्दा फिर्ता लिन सकिने प्रावधान हटाएर विधेयक पारित गरेको हो

फौजदारी मुद्दा फिर्ता हुन सक्ने व्यवस्थामा आमजनताबाट विरोध भयो । मानवअधिकार उल्लंघनका गम्भीर घटनामा असर पार्छ भन्ने कुरा आयो । यस कारण फिर्ता लिनुपरेको हो



■ **अजयकुमार चौरसिया**
**कानुन**
**न्याय तथा संसदीय मामिलामन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ चैत ।

फौजदारी मुद्दामा संलग्नलाई माफी र त्यस्तो मुद्दा फिर्ता नहुने भएको छ। प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिबाट यस्तो प्रावधानसहित 'केही नेपाल ऐन संशोधन विधेयक' पारित भएको छ ।

सरकारले मुलुकको राजनीतिक प्रणालीसँग असहमति राखेर हिंसात्मक क्रियाकलाप संचालन गरिरहेको कुनै राजनीतिक दल वा समूह राज्यसँगको सहमतिले शान्तिपूर्ण राजनीतिमा आए फौजदारी मुद्दासमेत फिर्ता लिन सक्नेगरी विधेयक ल्याएको थियो ।

शान्तिपूर्ण राजनीतिमा आउनु अगाडि त्यस्तो राजनीतिक दल वा समूहका व्यक्तिलाई लागेको फौजदारी मुद्दामा माफी वा त्यस्तो मुद्दा नै फिर्ता लिन सक्ने प्रावधान संसदीय समितिमा पुगेपछि हटेको हो ।

सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधन गरेर शान्तिपूर्ण राजनीतिमा आएका दल वा समूहका नेता तथा कार्यकर्ताको जुनसुकै अदालतमा विचाराधीन मुद्दा फिर्ता लिने व्यवस्था प्रस्ताव गरेको थियो । यस्तो व्यवस्थाको चौतर्फी पृष्ठ २ मा

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको**
**हार्दिक अनुरोध !**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३१औं साधारण सभासहितको निर्वाचन मिति २०८१/१२/२९ गते सम्पन्न हुन गइरहेको व्यहोरा यहाँहरूलाई अवगत नै छ ।
यो निर्वाचन एशोसिएसनका लागि चुनौती र अवसर बनेर आउँदैछ । मिति २०६३/१०/१० गते लोकतन्त्र पक्षधर व्यवसायीहरुको सक्रियतामा स्थापना भई मिति२०६३/१/२१ गते बसेको नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठकको निर्णयानुसार नेपाली कांग्रेस पार्टीसँग वैचारिक र नीतिगतरुपमा समन्वय कायम राखी शुभेच्छुक संस्थाको रुपमा मान्यता प्राप्त गरेको ओजपूर्ण इतिहास रहेको यो संस्थालाई स्थापना कालदेखि अहिलेसम्म ९ वटा अध्यक्षहरुले नेतृत्व गरिसक्नु भएको तथा पार्टीको १४औं महाधिवेशनमा करिब ४५ जना सदस्यहरुले महाधिवेशन तथा महासमिति सदस्यमा प्रतिनिधित्व गरिरहनुभएको छ । यसको गरिमालाई कायम राख्नु हामी सबैको दायित्व हुन आउँछ।
तसर्थ निर्वाचनको प्रयोजनार्थ गठित निर्वाचन समितिद्वारा प्रकाशित निर्वाचन कार्यतालिका अनुसार भोली मिति २०८१/१२/२४ गते उम्मेदवारी मनोनय दर्ता हुँदैछ । लोकतान्त्रिक एशोसिएसनले आफ्नो कार्यसमितिको पूर्ण बहुमत निर्णयानुसार निर्वाचनमा भाग लिन आफ्ना १७ जना प्रत्यासीहरुको घोषणा सभा सम्पन्न गरी उल्लासमय उपस्थितिका साथ उम्मेदवारी मनोनय दर्ता गर्दैछ । सो समयमा सम्पूर्ण व्यवसायी प्रतिनिधिहरुलाई उपस्थिति हुन तथा एशोसिएसनमा आस्था राख्ने कुनै पनि सदस्यले अन्य पक्षहरुसँग मिली एशोसिएसनको निर्णयको प्रतिकुल हुने गरी उम्मेदवारी दर्ता नगर्न/नगराउनु हुन अनुरोध गर्दछु। यस लोकतान्त्रिक एशोसिएसन र गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायीबीच गठबन्धन गरेर संयुक्तरुपमा एउटै समूह बनाई चुनावमा यहाँहरुसमक्ष उमेदवार अगाडि सारेका छौं आफ्नो अमूल्य मत दिएर सम्पूर्ण उमेदवारहरुलाई विजयी गराइ दिनुहुन्छ भन्ने आशा विश्वास लिएको छु।

दिपक थापा
अध्यक्ष
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेलः ndfeefforum@gmail.com


**हार्दिक निमन्त्रणा**

आदरणीय व्यवसायीज्यूहरु
यही मिति २०८१ साल चैत्र २९ गते हुने ने. बै. रो. व्य. संघको निर्वाचनका लागि नरेश गेलाल नेतृत्वको संयुक्त व्यवसायिक समूहको चुनावी सभा तपशिल बमोजिम हुने भएकोले यहाँको गरिमामय उपस्थितिका लागी हार्दिक अनुरोध छ ।।

**कार्यक्रम**
स्थान : यति पार्टी प्यालेस बसुन्धारा, काठमाण्डौ
समय: अपरान्ह ४:०० बजे
मिति: २०८१/१२/२४ गते आइतबार (आजै)
April 6 SUNDAY 2025

नरेन्द्र कुमार राउत, सह-संयोजक | प्रज्ञान न्यौपाने, सह-संयोजक | सरोज कुमार पोखरेल, संयोजक
निर्वाचन परिचालन समिति, संयुक्त व्यवसायिक समूह

**VACANCY ANNOUNCEMENT**
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा ईच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र सहित सम्पर्क गर्नुहोला ।




Receptionist - 1 (Female), PRO - 3 (Male/Female)
Documentation - 1 (Male/Female)

तलब आपसी समझदारीमा तय गरिनेछ ।
- म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भई अंग्रेजी राम्रो सँग बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- कम्प्युटर राम्रो सँग चलाउन जानेको हुनुपर्नेछ ।

JOB CONNECT PVT. LTD. Govt Lic. No. 1672/080/081
Ktm Metropolitan City 4 Maharajgunj Kathmandu
Tel.: 01-4547330, 9801003811, 9802368421
Email : info@jobconnect.com.np

मध्यान्ह
www.madhyanhadaily.com
२४ चैत २०८१ आइतबार
6 April 2025, Sunday

# ‘कृषिमा राष्ट्रलाई आत्मनिर्भर बनाउन वित्तीय संस्थाको सहयोग आवश्यक’

**काठमाडौं/मस-** कृषि तथा पशुपंक्षी विकासमन्त्री रामनाथ अधिकारीले धराशायी भएको व्यावसायहरुलाई व्यवस्थापन गरी सही मार्गमा लैजान सरकारले अध्यादेशमार्फत ऐन ल्याएको बताएका छन् ।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले सरकारले ल्याएको अध्यादेशको सकारात्मक परिवर्तन बजारमा देखिन थालेको दाबी गरे । उनले वर्तमान सरकार समयको गतिसँगै समयसापेक्ष रुपमा अगाडि बढेको जिकिर गरे । जनतालाई आइपर्ने जुनसुकै समस्या पनि वर्तमान सरकारले सम्बोधन गरेर समाधान गर्ने उनको भनाइ छ ।




उनले भने, ‘सरकारको तर्फबाट अध्यादेशको माध्यमबाट चाँडो भन्दा चाँडो धरासायी भएको सम्पूर्ण व्यवस्थालाई व्यवस्थापन गर्न सकिन्छ भनेर हामीले चाँडो ऐन ल्याएर जुन ढंगबाट हामीले व्यवस्थापन शुरु गर्‍यौं, आज विस्तारै चेन्ज बजारमा आउँदैछ। यस्लाई हामीले अध्ययन गरेकै छौं नि, त्यसकारण म यसमा लामोतर्फबाट के के नै गर्‍यो भन्दा पनि हामीले भएका असजिलालाई हटाउँदै समयसापेक्ष समय र परिस्थितिलाई मध्यनजर गर्दै समय अनुसार हिँड्न सक्ने सरकारको आवश्यकता छ र समय अनुसार सरकार अगाडि बढ्छ । जनतालाई आइपर्ने कुनैपनि समस्याको समाधान यही सरकारले गर्छ ।’

मन्त्री अधिकारीले केही सीमित कृषि व्यवासायीहरुले पैसा कमाउन सके पनि आत्मनिर्भर किसान सँधै गरिबीमा बाँच्नुपरेको बताए । उनले कृषि क्षेत्रमा देशलाई आत्मनिर्भर बनाउन सरकार एक्लैको पहलले नपुग्ने बताए । गरिब किसानलाई व्यावसायिक बनाउन वित्तीय क्षेत्रका संघसंस्थाले सहयोग गर्नुपर्ने उनको भनाइ छ ।

उनले भने, ‘समृद्धि र गरिबीमा बाँचेको किसानलाई कसरी माथि उठाउन सकिन्छ ? त्यसतर्फ सोचेनौं भने मुलुकमा सीमितले व्यवसाय गरौला, सीमित मान्छेले पैसा कमाउला तर उनीहरुको गरिबीको अन्त्य चाहीँ कहिले हुन्छ त ? हामीसँग यो चुनौती छ । यो चुनौतीलाई सँगै लिएर जानुपर्ने जरुरी छ । त्यसकारण मैले यहाँहरुलाई भनेँ त्यो गरिबीलाई माथि उठाउने एउटा दायित्व, व्यावसायिक रुपमा खेती गर्ने किसान अर्को दायित्व अनि हामी आत्मनिर्भरतर्फ सबै नेपालीहरुलाई बनाउने भनेको मैले उत्पादन गरेको चामल, मैले उत्पादन गरेको मकै, मैले उत्पादन गरेको तरकारी र मैले उत्पादन गरेको भान्छामा चल्ने चिज हामीले उत्पादन गर्न सक्यौ भने आयातको भरमा मात्रै बाँच्न सकिँदैन । त्यसकारण म निजी क्षेत्रमा सम्लग्न हुनुहुने र उद्योग वाणिज्य संघ जस्तै निजी साजोदारीसँग विशेष आग्रह छ, कि सरकारले एक्लैले कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउन सक्दैन, सबैको सहयोग जरुरी छ ।’

मन्त्री अधिकारीले आफू व्यावसायिक किसान नभएपनि आत्मनिर्भर किसान भएको बताए। उनले रुद्राक्ष खेती र व्यवसायका बारेमा माथिल्लो तहको शिक्षाबाट प्राविधिक उत्पादन गर्न सक्नुपर्ने बताए। रुद्राक्ष खेती विदेशी मुद्रा आम्दानीको राम्रो स्रोत हुने भएकाले आत्मनिर्भर हुने गरी खेती गर्नुपर्ने बताए ।

# चिकित्सकले स्वास्थ्यमन्त्रीलाई बुझाए ज्ञापनपत्र

**पाल्पा/मस-**लुम्बिनी मेडिकल कलेज पाल्पामा अध्ययनरत आवासीय .रेसिडेन्टं चिकित्सकले स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेललाई तीन बुँदे मागसहितको ज्ञापनपत्र बुझाएका छन् । आठौँ तहसरह मासिक पारिश्रमिक पाउनुपर्ने मागसहित उनीहरुले मन्त्री पौडेललाई ज्ञापनपत्र बुझाएका हुन् ।



चिकित्सकहरुले निजी मेडिकल कलेजका एमडी, एमएस, एमडिएस आवासीय चिकित्सकको मासिक पारिश्रमिक (सरकारी आठौं तहसरह) भुक्तानी गरिनुपर्ने, एमडी, एमएस, एमडिएसको म्याचिङ प्रक्रिया सच्याउन माग गरेका छन्।

उनीहरुले आयोगद्वारा प्रवेश परीक्षा अगाडि प्रकाशित निजी मेडिकल कलेजका सिटसमेत समावेश गरी अघि बढाइनुपर्ने, त्यस्तो निर्णय नमान्ने निजी मेडिकल कलेजलाई एमबिबिएस, बिडिएस, एमडिएस, एमएस, एमडिएस, डिएम, एमसिएच कार्यक्रमको सम्बन्धन खारेज, बिमालगायत सरकारी अनुदानका सम्पूर्ण कार्यक्रम रद्द गर्नेलगायतका माग गरेका छन् ।

यस्तै चिकित्सकहरुले स्नातकोत्तर कार्यक्रमलाई पूर्ण वैज्ञानिक बनाउन स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल सङ्घर्ष समितिसँग प्रतिबद्धता जनाइएबमोजिम छुट्टै नियामक अङ्गको व्यवस्थासहित कार्य समय, बिदा, पारिश्रमिक, परीक्षाको पारदर्शिता र निष्पक्षता सुनिश्चित गर्ने व्यवस्था, विश्वविद्यालय र मेडिकल कलेज प्रशासनको आचरण र व्यवहार, अध्यापक जनशक्तिहरुको आचरण र व्यवहारलगायत विषय समेटी स्नातकोत्तर कार्यक्रम सञ्चालन कार्यविधि निर्माण गर्ने ड्राफ्टिङ कमिटी बनाइनुपर्ने माग मन्त्रीसमक्ष राखेका छन् ।

आफ्ना मागहरु पूरा नहुँदासम्म काममा नजाने निर्णय गरिएको एलएमसीका डा. दीपक कँडेलले बताए । उनले भने, ‘हाम्रा माग सम्बोधन नहुञ्जेलसम्म आफूले प्रदान गर्दै आएका सेवाहरु बहिष्कार गर्नेछौं ।’ चिकित्सकले काम बहिष्कार गर्दा सेवा प्रभावित भएको अस्पतालले जनाएको छ । ज्ञापनपत्र बुझ्दै मन्त्री पौडेलले आवासीय चिकित्सकका धेरै माग सम्बोधन भइसकेको र केही मागहरु तत्काल सम्बोधन गरिने विश्वास दिलाए । उनले सरकारले गरेका निर्णय कार्यान्वयन गर्न सम्बन्धित निजी मेडिकललाई आग्रह गरिसकेको बताए ।

# कामपाको सामुदायिक विद्यालयमा ५० हजार घण्टा क्षमता भएको स्मार्ट बोर्ड

**काठमाडौं/मस-**काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयका कक्षाकोठामा ५० हजार घण्टा क्षमता भएको स्मार्ट बोर्ड जडान सुरु गरेको छ । महानगरले रामशाह पथमा रहेको पद्मोदय माध्यमिक विद्यालयमा स्मार्ट बोर्ड जडान गरी उक्त कार्यको थालनी गरेको योजना कामपा सहरी आयोगका सदस्य इञ्जिनियर शैलेन्द्र झाले जानकारी दिए ।



शिक्षण क्रियाकलाप र सिकाइमा लगानी बढाएर नतिजा सुधार गर्न कार्यक्रमअन्तर्गत कामपाको शिक्षा विभागले ३१३ वटा बोर्ड जडान गरेको झाले बताए । ‘प्रमाणमा आधारित विद्यालयको पूर्वाधार विकास, प्रविधि र उपकरण, मानव पुँजी विकासअन्तर्गत शिक्षक तालिम, सुशासन, व्यवस्थापन तथा दिगोपना’का लागि कामपाले लगानी बढाएको छ’, सदस्य झाले भने,‘विद्यालयमा स्मार्ट बोर्ड उपयोग गर्ने स्थान, शिक्षकको तत्परता र क्षमताका आधारमा बोर्ड जडान गर्दै जानेछौं ।’

उनका अनुसार बोर्ड प्रयोगका लागि शिक्षकहरुलाई तालिम पनि दिइएको छ । कामपाको गौरव योजनाअन्तर्गत ‘गरी खाने शिक्षा, महानगरको इच्छा’ कार्यक्रमअन्तर्गत सूचना प्रविधिमैत्री विद्यालय, डिजिटल शिक्षण सिकाइ कार्यक्रमका लागि चालु र क्रमागत गरेर करिब रु २० करोड विनियोजित रहेको निमित्त शिक्षा अधिकारी केशव ज्ञवालीले जानकारी दिए ।

कक्षाकोठामा जडान भएका बोर्डहरुको डिस्प्ले क्षमता ५० हजार घण्टा रहेको छ । सामान्य ठक्करबाट स्क्रिन चिर्किने वा फुट्ने हुँदैन । महानगरले हरेक शुक्रबार पुस्तकरहित कार्यक्रमलाई थप प्रभावकारी बनाउन शिक्षक तालिम, क्रियाकलापसम्बन्धी पाठ्यक्रम तर्जुमा, सिकाइ सामग्रीमा लगानी समेत गरेको छ।

शिक्षण सिकाइलाई परियोजनामा आधारित, समूहगत कार्यमा आधारित, सहपाठीसँगको सिकाइ र पुनरावलोकन कक्षामा जोड दिएको छ । यस्ता क्रियाकलापले विद्यार्थीहरुमा नयाँ दृष्टिकोणबाट सिक्ने वातावरण प्रदान सिर्जना हुने सहरी योजना आयोगका सहायकविज्ञ सस्मित पोखरेलले बताइन् ।

पुस्तकरहित शुक्रबारमा २५ वटा विषय राखिएका छन् । यी हरेक विषयलाई एउटा उपसमूह मान्ने गरिएको छ ।

# रामनवमी पर्व मनाइँदै

**काठमाडौं/मस-** रामनवमी पर्व आज मनाइँदैछ । हिन्दू धर्मावलम्बीले श्रद्धापूर्वक रामको पूजा गरेर यो पर्व मनाउने गरिन्छ। हरेक वर्षको चैत शुल्क नवमीमा पर्ने यस पर्वमा मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्रको स्मरण गरिन्छ। त्रेतायुगमा आजकै दिन अयोध्यामा श्रीरामको जन्म भएको पौराणिक ग्रन्थमा उल्लेख छ ।



भक्तालुजनले नदी, ताल, कुण्डमा स्नान गरी व्रत बसेर रामगीता पाठ गर्ने परम्परा रहेको छ । संस्कृतिविद् रामदयाल राकेशका अनुसार रामचन्द्र भगवानको जन्मदिन भएकाले यो पर्व हिन्दू धर्मावलम्बीको लागि विशेष धार्मिक पर्व हो ।

मिथिला क्षेत्रमा रामनवमीको अझै बढी महत्व छ । राम जयन्तीका नामले पनि परिचित राम नवमीलाई असत्य र अन्धकारमाथि सत्य र मर्यादाको उज्यालो प्रादुर्भाव भएको दिनका रूपमा लिइन्छ । देशका विभिन्न भागमा रहेका राम मन्दिरका साथै घर-घरमा वैदिक सनातन हिन्दू धर्मावलम्बीहरूले मर्यादा पुरुषोत्तम श्रीरामको श्रद्धा, भक्तिपूर्वक पूजा आराधना गरी राम नवमी पर्व मनाउँदै छन् ।

काठमाडौं उपत्यकाको बत्तीसपुतलीस्थित राम मन्दिरमा बिहानैदेखि भक्तजनको भीड लागेको छ । जनकपुरधाममा रहेको रामजानकी मन्दिरमा पनि पूजाअर्चना गर्न भक्तजनको घुइँचो लागेको छ । आज जानकी मन्दिर परिसरमा मेला पनि लाग्दछ ।

उक्त मेलामा भारतबाट समेत हजारौं श्रद्धालु भक्तजन सहभागी भई पवित्र गंगासागरमा स्नान गरी रामजानकी मन्दिरमा पूजाआजा गर्दछन् । आज स्नान गरी पवित्र भएर व्रत बस्ने गरिन्छ भने रामगीता र रामायण पाठ पनि गरिन्छ । रामभक्तियुक्त भजनकीर्तनका साथ राति जाग्राम बस्ने परम्परा पनि छ ।

## अप्ठ्यारोमा...

तर, राप्रपाका नेताद्वय मिश्र र राणा सुवेदी नेतृत्वको अभियानमा सक्रियताका साथ भूमिका खेलेर राप्रपाको एजेन्डालाई स्थापित गर्ने सोचमा थिए । यो विषयमा राप्रपाका अधिकांश नेताहरूले नेताहरू रवीन्द्र र धवललाई फर्कन दबाब दिए पनि उनीहरूले पार्टीको निर्णयविपरीत १५ चैतमा तीनकुनेमा भएको हिंसात्मक आन्दोलनमा सहभागी भएपछि अहिले प्रहरी कस्टडीमा छन् ।

पूर्वराजा समर्थित विभिन्न संगठन मिलेर गरिएको हिंसात्मक आन्दोलनका मुख्य कमान्डर दुर्गा प्रसाईं थिए । प्रसाईंलाई राजतन्त्र पुनर्स्थापनाका लागि तेस्रो जनआन्दोलन परिचालन समितिका संयोजक पूर्वपञ्च नवराज सुवेदीले तीनकुने आन्दोलनको कमान्डर तोकेका थिए ।

प्रसाईं नेतृत्वको आन्दोलन अकस्मात हिंसात्मक बनेपछि उनी घटनास्थलबाट प्रहरीको सुरक्षा घेरा तोड्दै गाडी लिएर भागेका थिए । प्रसाईं अहिले प्रहरीको विशेष खोजीअर्न्तगत फरार सूचीमा छन् । नवराज सुवेदी पनि अहिले नजरबन्दमै छन् ।

प्रसाईं नेतृत्वको आन्दोलनलाई अनौपचारिक समर्थन गरेको राप्रपाका लागि यो आन्दोलन अभिशाप बनेको छ । तीनकुने घटनामा नेता मिश्र र प्रतिनिधिसभा सदस्य धवलशम्शेरलाई सरकारले राजद्रोहको मुद्दा चलाएपछि राप्रपाको एजेन्डामाथि धक्का पुगेको नेताहरूले बताएका छन् ।

राजद्रोहको अभियोग पुष्टि भए अधिकतम २५ वर्षसम्मको कैद हुन सक्ने व्यवस्था छ । गत २५ फागुनमा पूर्वराजा ज्ञानेन्द्र शाह पोखराबाट काठमाडौं आउँदा देखिएको स्वागतको भीडपछि सरकार सतर्क बनेको थियो । अझै २ जनाको ज्यान लिने र ठूलो मात्रामा व्यक्तिगत सम्पत्ति क्षति हुनेगरी भएको तीनकुनेको हिंसात्मक घटनापछि राजावादीहरूको आन्दोलनप्रति सरकारको मात्र नभई आमनागरिकको नजरमा समेत नकारात्मक प्रभाव परेको नेताहरूले स्वीकार गरेका छन् ।

‘पार्टीका केही साथीहरूले पार्टी नै नवराज सुवेदीको अभियानमा लगेर मिसाउने प्रयास गर्नुभएको थियो, अध्यक्ष र मैले त्यसलाई रोक्यौं’, राप्रपाका वरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङले मध्यान्हसँग भने, ‘म त राजाको नुन खाएको मान्छे तर पनि साथीहरूलाई अलि सुझबुझपूर्ण ढंगले काम गरौं भनेको, मान्नुभएन । हाम्रा नेताहरूलाई थुनामा राखेर मुद्दा चलाइएको छ । यसमा हामी दुखी हुनु स्वाभाविक हो । यो घटनाले हाम्रो एजेन्डा र आन्दोलनलाई स्वाभाविक कमजोर पार्ने काम गरेको छ ।’

तीनकुने घटनामा सरकार पनि दोषी भएको दाबी गर्दै राप्रपाले आफ्ना नेताको रिहाइ र घटनाको छानबिन गर्न माग गरेको छ । यस घटनापछि राप्रपालाई राजसंस्था पुनर्स्थापनाको मूल एजेन्डा भन्दा पनि आफ्ना नेताहरूको रिहाइ र तीनकुने घटनाको छानबिन प्राथमिकतामा परेको देखिन्छ ।

नेताहरू घटनाको छानबिन गरी दोषी उपर कारबाही गर्नुपर्ने माग लिएर सरकारको ढोका ढकढक्याउन नेताहरू व्यस्त छन् ।

‘पार्टीले संस्थागत रूपमा कुनै निर्णय गरेर नेताहरूलाई आन्दोलनमा पठाएको थिएन’, राप्रपाका सहमहामन्त्री प्रकाश रिमालले भने, ‘तर, आफ्नो एजेन्डालाई सहयोग पुग्ने कार्यक्रम भएकाले नेताहरू व्यक्तिगत रूपमा आन्दोलनमा सहभागी भएका हुन् । त्यो आन्दोलन हाम्रो ब्यानरमा पनि भएको होइन । त्यस कारण हाम्रा नेताहरूलाई तत्काल छाडेर तीनकुने घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्नुपर्छ भनेका छौं ।’

राप्रपाले आगामी आन्दोलनलाई कसरी सशक्त बनाउने भन्ने छलफल गरेर अघि बढ्दै गएको राप्रपाले जनाएको छ ।

## २६ चैतमा...

२६ चैतमा गर्ने तयारी गरेका हौं । हाम्रो आन्दोलन शान्तिपूर्ण हुन्छ ।’

उक्त कार्यक्रमपश्चात् पार्टीले हिन्दु राष्ट्र घोषणा र राजसंस्था पुनर्स्थापनाको आन्दोलनलाई नियमित गर्ने राप्रपाले जनाएको छ । ७ वैशाखदेखि अर्को चरणको आन्दोलन सुरु गर्ने पार्टीले निर्णय गरेको वरिष्ठ उपाध्यक्ष तामाङले जानकारी दिए ।

## फौजदारी...

विरोध भएपछि संसदीय समितिले शान्तिपूर्ण राजनीतिमा आएकै आधारमा राजनीतिक दल वा समूहका नेता/कार्यकर्तालाई फौजदारी मुद्दामा माफी र त्यस्तो मुद्दा फिर्ता लिन सकिने प्रावधान हटाएर यो विधेयक गत बिहीबार पारित गरेको हो ।

कानुन, न्याय तथा मानवअधिकार समितिकी सभापति विमला सुवेदीका अनुसार केही नेपाल ऐन संशोधन विधेयकको दफा ६४ मा यससम्बन्धी व्यवस्था प्रस्तावित थियो । प्रतिवेदनमा प्रस्तावित विधेयकको दफा ६४ नै हटाइएको छ ।

७ पुस २०८१ मा यो प्रावधानमाथि संसदीय समितिमा छलफल भएको थियो । उक्त बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया पनि उपस्थित थिए ।

त्यस दिन मन्त्री चौरसियाले भनेका थिए, ‘प्रस्तावित व्यवस्था (फौजदारी मुद्दामा माफी र मुद्दा नै फिर्ता हुन सक्ने)मा आमजनताबाट विरोध भयो । मानवअधिकार उल्लंघनका गम्भीर घटनामा असर पार्छ भन्ने कुरा आयो । यस कारण फिर्ता लिनुपरेको हो ।’

कानुनमन्त्री चौरसियाको यस्तो अभिव्यक्तिसमेतका आधारमा संसदीय समितिले विधेयकबाट दफा ६४ हटाएको हो ।

यो विधेयक तत्कालीन कानुनमन्त्री धनराज गुरुङले २६ वैशाख २०८० मा संसद्मा ल्याएका थिए । नेपाल सरकार वादी भई चलाइएका जुनसुकै मुद्दा जुनसुकै तहको अदालतमा विचाराधीन भए पनि फिर्ता लिन सकिने प्रावधानकै कारण यो विधेयक अगाडि बढ्न सकिरहेको थिएन ।

फौजदारी कसुरमा संलग्नले राजनीतिक आवरणमा छुट पाउन सक्ने भनेर सरोकारवालाहरूले शान्तिपूर्ण राजनीतिमा आएकै आधारमा राजनीतिक दल वा समूहका नेता/कार्यकर्तालाई फौजदारी मुद्दामा माफी र त्यस्तो मुद्दा फिर्ता लिन सकिने प्रावधानको विरोध गरेका थिए ।

राजनीतिक आवरणमा भएका नरसंहारका दोषीलाई उन्मुक्ति दिन लागिएको भन्दै राष्ट्रिय मानवअधिकार आयोगले समेत प्रस्तावित व्यवस्थाको विरोध गरेको थियो । संक्रमणकालीन न्यायका संरचनालाई समेत प्रभावित पार्नेगरी विधेयक अघि बढाइएको भन्दै आयोगले आपत्ति जनाएपछि सरकार पछि हट्न बाध्य भएको हो ।

संसदीय समितिले त्यस्तो व्यवस्था हटाएर विधेयक पारित गरेसँगै फौजदारी मुद्दामा माफी हुनेगरी कानुन बनाउने प्रयास असफल भएको छ ।

संसदीय समितिले पारित गरेको विधेयक अब सभामा जान्छ । सभाले समेत स्वीकार गरेको खण्डमा राष्ट्रियसभामा जान्छ ।

राष्ट्रियसभाले समेत पारित गरेपछि पुनः प्रतिनिधिसभामा आउँछ । त्यसपछि सभामुखले राष्ट्रपतिकहाँ पठाउँछन् । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनमा रूपान्तरित भएर कार्यान्वयनमा आउने छ ।

## संघमा ...

लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको असन्तुष्ट पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीच तालमेलमा संयुक्त व्यवसायी समूह बनेको छ । यो समूहको अध्यक्षमा संघका पूर्वमहासचिव तथा मञ्चका पूर्वअध्यक्ष एचआर इन्टरनेशनल सर्भिस प्रालीका सञ्चालक नरेश गेलालले गरेका छन् ।

यस्तै, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायी मञ्चसँग तालमेलका आधारमा प्यानल घोषणा भएको छ । यो प्यानलको अध्यक्षमा संघका पूर्वद्वितीय उपाध्यक्ष तथा गुरुङ म्यानेजमेन्ट प्रालिका संचालक भुवनसिंह गुरुङले गरेका छन् ।

व्यवसायी ईश्वर सापकोटा र अक्तर हुसेन लगायतले स्वतन्त्र उम्मेदवारी दिने सार्वजनिक गरेका छन् ।

**गुरूङ प्यानल**

यस प्यानलमा गुरुङ म्यानेजमेन्ट प्रालीका संचालक भुवनसिंह गुरुङ, प्रथम उपाध्यक्षमा नोकरी नेपाल प्रालीका संचालक नरेन्द्रप्रसाद ढकाल, द्वितीय उपाध्यक्षमा अलर्ट ओभरसिज प्रालीका संचालक देवकुमार खोखाली, तृतीय उपाध्यक्षमा इम्प्लोइमेन्ट क्रियसन सर्भिस प्रालीका संचालक हर्कबहादुर लिम्बू र महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रालीका संचालक महेशकुमार बस्नेत छन् ।

यस्तै आकृति रिक्रुटिङ प्रालीका संचालक कुन्छा दोर्जे डिङ्दोङ सचिव र कोषाध्यक्षमा शुभ हारती म्यानपावर प्रालीका सञ्चालक विक्रम श्रेष्ठ छन् ।

यसैगरी कार्यसमिति सदस्यमा इम्पेरियल ओभरसिज प्रालीकी संचालक विद्यालक्ष्मी बज्राचार्य , राज ग्रुप अफ कम्पनीका सञ्चालक राज लामा तामाङ, हिमालयन भ्याली नेपाल प्रालीका संचालक देवीप्रसाद गिरी, ब्रदर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रालीका संचालक दीपककुमार राय, रसुवा ओभरसिज प्रालीका संचालक सुवर्ण लामा, सेक्युर नेपाल जब प्रालीका संचालक सुमनराज पाण्डे, ग्लोबल एचआर हब प्रलीकि संचालिका गीता राउत, युनिभर्स एच.आर. सोलुसन प्रालीका संचालक भरत सापकोटा र रिजा ओभरसिज प्रालीकी संचालिका रेखा शर्मा र इगल मेनपावर कन्सल्टेन्ट प्रालीका सञ्चालक कृष्ण ढकाल छन् ।

**गेलाल प्यानल**

गेलाल प्यानलबाट एचआर इन्टरनेशनल सर्भिस प्रालीका संचालक नरेश गेलाल, प्रथम उपाध्यक्षमा एलायन्स ह्युमन रिसोर्स प्रालीका सञ्चालक तथा संघका पूर्वमहासचिव सुजित कुमार श्रेष्ठ, द्वितीय उपाध्यक्षमा ईम्प्लाईमेन्ट लिंक नेपाल प्रालीका संचालक मधुकर रिजाल, तृतीय उपाध्यक्षमा न्यू अल्फा एचआर प्रालीका संचालक बैकुण्ठ पौडेल वैभव, महासचिवमा डाईनामिक स्टाफिङ सोलुसन प्रालीका संचालक कर्णराज कटुवाल, सचिवमा कन्फिडेन्ट इन्टरनेशनल म्यानपावर प्रालीका संचालक अनिल बोगटी र कोषाध्यक्षमा कालिञ्चोक एचआर प्रालीकी सञ्चालिका धनु सिजाली उम्मेदवार छन् ।

कार्यसमिति सदस्यका उम्मेदवारहरूमा माउन्टेन ग्रुप प्रालीका संचालक देउमान नेम्वाङ, ग्रोथ प्रोसेस ईन्टरनेशनल ईप्लाईमेन्ट प्रालीका संचालक राजेन्द्र बस्नेत, उज्यालो ओभरसिज प्रालीका सञ्चालक चन्द्र लिम्बू, विनर एचआर सोलुसन प्रालीकि संचालिका हिमा गुरूङ, रियो ओभरसिज प्रालीकी संचालक रमा खड्का, गल्फ ईम्पायर ओभरसिज प्रालीका संचालक दिनेश बस्नेत, आयुश ओभरसिज प्रालीका कामेश्वर साह राहुल, सिगुल ओभरसिज प्रालीका संचालक छत्र बस्नेत, डेष्टिनी ह्युमन रिसोर्सका युवराज देवकोटा र गल्फ एशिया म्यानपावर प्राली राजेश यादव छन् ।

## निर्णय...

एक अनुरोधपत्र जारी गर्दै मनोनयनपत्र दाखिला गर्नुअघि एशोसिएसनको गौरवशाली इतिहास स्मरण गर्न आग्रह गरेका छन् ।

अध्यक्ष थापाले कार्यसमितिको पूर्ण बहुमत निर्णयानुसार निर्वाचनमा भाग लिन आफ्ना १७ जना प्रत्यासीहरूको घोषणासभा सम्पन्न गरी उल्लाहसमय उपस्थितिका साथ उम्मेदवारी मनोनय दर्ता गरिने कार्यक्रम रहेको भन्दै उक्त कार्यक्रममा सहभागी हुन पनि आग्रह गरेका छन् ।

एशोसिएसन स्थापनाकालदेखि अहिलेसम्म ९ जना अध्यक्षहरूले नेतृत्व गरिसकेको र नेपाली कांग्रेसको १४औं महाधिवेशनमा करिब ४५ जना सदस्यहरूले महाधिवेशन तथा महासमिति सदस्यमा प्रतिनिधित्व गरेको भन्दै अध्यक्ष थापाले संस्थाको गरिमालाई कायम राख्नु सबैको दायित्व भएको उल्लेख गरेका छन् ।

## निर्वाचनलाई ...

पोखरेलका अनुसार नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष कुमुद खनालको संयोजकत्वमा प्रचारप्रसार समिति गठन गरिएको छ ।

समितिको सहसंयोजकमा बाबुराम खड्का र सदस्यहरूमा चिरञ्जीवी बस्याल र शशी कुमार यादव छन् । वरिष्ठ व्यवसायी रघु पुरी संयोजक रहेको उच्चस्तरीय स्टेरिङ कमिटी गठन गरिएको छ । व्यवसायी कृष्ण पौडेल र सन्ता लामा रजनक सापकोटा सहसंयोजक तथा जनक रावल सदस्य सचिव रहेका छन् ।

आर्थिक समितिको संयोजकमा मदन पौडेल र सहसंयोजकमा मेघनाथ भुर्तेल सुनिल केसी र सन्त लामा छन् । त्यस्तै सो समूहले विभिन्न क्षेत्रीय समिति पनि गठन गरेको छ । ललितपुर क्षेत्रीय संयाजक तिला काप्री सिनामंगल संयोजकमा, मुक्तिनाथ अधिकारी र सामाखुशी क्षेत्रीय समितिको संयोजक दलवीर भण्डारी सहसंयोजक नवराज भट्ट, लक्ष्मण पौडेल, दिलिप भट्टराई, नुर महोम्मद मियाँ रहेका छन् ।

# ‘नेपाल–भारत सम्बन्धलाई सुदृढ गर्दै लैजान्छौं’

काठमाडौं/मस-प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय समकक्षी नरेन्द्र मोदीसँगको भेटमा नेपाल-भारतबीचको सम्बन्धलाई अझ व्यापक, विस्तृत र सुदृढ गर्दै लैजाने अठोट व्यक्त भएको बताएका छन् ।

थाइल्याण्डको औपचारिक भ्रमण तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक) छैटौं शिखर सम्मेलनमा सहभागी भइ स्वदेश फर्केपछि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा शनिबार आयोजित पत्रकार सम्मेलनमा उनले समकक्षीसँगको भेट निकै फलदायी भएको र आफू खुसी भएको प्रतिक्रिया दिए ।

‘छिमेकमा कुनै सानातिना समस्या त देखिन सक्छन्, त्यस्तो भइहालेमा एकापसमा संवाद गरिहाल्ने र तिनलाई टुङ्ग्याउने भन्नेमा यसपटक हामीले एउटा गहिरो समझदारी गरेका छौं’, सञ्चारकर्मीको जिज्ञासामा प्रधानमन्त्री ओलीले भने,‘यो भेटघाट फलदायी भयो र म खुसी छु, उहाँको कुराकानीबाट उहाँ (मोदी) पनि खुसी हुनुहुन्छ भन्ने मैले पाएको छु ।’



प्रधानमन्त्री ओलीले भारतीय समकक्षीसँगको भेटवार्तामा पारस्परिक सहयोगका विभिन्न क्षेत्रमा सहकार्यसम्बन्धी विचारविमर्श भएको जानकारी दिए ।

उनले भने,‘भेटमा लगानी र व्यापारका क्षेत्र, बहुउद्देश्यीय पञ्चेश्वर आयोजना, र दोधराचाँदनीमा महाकालीबाट सिँचाइ गर्नेलगायत द्विपक्षीय पारस्परिक हितका विषयमा कुराकानी भए ।’

प्रधानमन्त्री ओलीले नेपालले आयोजना गरेको सगरमाथा संवादमा भारतीय प्रधानमन्त्री आउन नभ्याउने जानकारी दिँदै सो कार्यक्रममा भारतबाट उच्चस्तरका सहभागिता हुने बताए । ‘मोदीजी आउन भ्याउनुहुन्न, यसकारण कि उहाँको पहिले नै त्यसैबेला युरोप जाने कार्यक्रम तय भइसकेको रहेछ, त्यसकारण उहाँ यहाँ आउन सक्नुहुन्न तर भारतको राम्रैस्तरबाट प्रतिनिधित्व हुन्छ ।’

फरक प्रसंगमा प्रधानमन्त्री ओलीले आन्दोलनरत शिक्षकले उठाएका विषयलाई सरकारले सकारात्मक रुपमा ग्रहण गरी सम्बोधन गर्ने बताए । उनले भने, ‘सरकारले सुन्छ भन्ने उहाँहरुलाई विश्वास छ, त्यसकारण आउनुभएको हो, हामी कुराकानी पनि गर्छौं, सरकारले उहाँहरुको कुरा पनि सुन्छ ।’

शिक्षकले राखेका मागका सम्बन्धमा के-कति गर्न सकिन्छ के कस्तो गर्नुपर्छ भन्ने कुरा परस्परमा बसेर छलफल गरेर टुंगिने विश्वास दिलाए ।

‘धेरै यसमा उहाँहरुले पनि दुःख नपाए हुन्छ, सरकारले कुनै नकारात्मक दृष्टिकोण राख्दै राख्दैन, किन राख्नु परेको छ र ?’, उनले भने, ‘शिक्षकका समस्या टुंगिन्छ ।’ सरकारले यही चैत १५ गते तीनकुनेमा भएको घटनाको निष्पक्ष छानबिन गरिरहेको उनले जानकारी दिए ।

# ‘राजतन्त्र फर्किन सम्भव छैन’



**काठमाडौं/मस–** रक्षामन्त्री मानवीर राईले देशमा अराजकता देखा परिरहेको बताएका छन् । शनिबार काठमाडौंमा किराँत राई कर्मचारी मञ्चले आयोजना गरेको १५ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै यस्तो बताएका हुन् । उनले इतिहासले तत्कालीन राज्यलाई फालेको, लिच्छवीकालीन, मल्लकालीन शासन फालेको उल्लेख गर्दै शाह र राणाहरु पनि आन्दोलनबाट फालिएको उल्लेख गरे ।

उनले इतिहासमा फर्किनु भनेको मृत्युवरण गरेका पूर्खाहरुलाई पनि फर्काउने तर्क भएको बताए । राजतन्त्र फर्काउने कुराप्रति टिप्पणी गर्दै उनले राजतन्त्र फर्काउने कुरा सम्भव नरहे पनि प्रयास जारी रहेको बताए । उनले आफूहरुले पनि विभिन्न नाममा आन्दोलन गरेको तर व्यक्तिको घरमा आगो लगाउने, लुट्ने, पत्रकार जलाउने काम नगरेको बताए ।आफूहरुले मान्छेलाई जिउँदो जलाउने काम नगरेको भन्दै अहिले अराजकता देखिएको उल्लेख गरे । ‘हामी समयको कालखण्डसँगै परिमार्जित हुँदै आयौं । इतिहासले तत्कालीन राज्यलाई फाल्यो । इतिहासले लिच्छवीकालीन, मल्लकालीन फाल्यो । शाह र राणाहरु फाल्यो । इतिहास पछाडि फर्किने भनेको हाम्रा मरेका बाउबाजे पनि फर्किन्छन् भन्ने हो । तर फर्काउन खोजिँदैछ । हामीले कसैले कांग्रेस, कसैले एमाले, कसैले माओवादी भएर आन्दोलन गरेका छौं’रक्षामन्त्री राईले भने, ‘त्यस्तो लुट्ने र प्रहरीमाथि गाडी गुडाउन हामीले खोजेनौं । अलि अलि बार हरुसम्म भत्काएकै हो । तर हामीले व्यक्तिको घरमा आगो लगाएनौं । पत्रकारहरुलाई आगो लगाएनौं । पत्रकार र पत्रपत्रिकाको उद्योग माथि आगो लगाएनौं । मान्छेलाई जिउँदो जलाएनौं । हामीले लुट मच्चाएनौं । आज त यस्तो खालको अराजक देखा पर्दैछ ।’ मन्त्री राईले किराँत राई समुदायका मानिसहरु बेइमानी हुन नहुने बताए ।

# एम्बुलेन्समा ठूलो परिणाममा ट्रामाडोल क्याप्सुल बरामद

काठमाडौं/मस-नेपाल प्रहरीले भारतीय एम्बुलेन्समा ठूलो परिणाममा अवैध लागुऔषध ट्रामाडोल क्याप्सुल बरामद गरेको छ ।

शनिबार बिहान १ बजेर ५५ मिनेटको समयमा ललितपुर जिल्लाको कान्ती लोकपथ सडक खण्डमा रहेको प्रहरी चौकी भट्टे डाँडाको चेकपोष्टमा खटिएको प्रहरी टोलीले भारतीय एम्बुलेन्समा ठूलो परिणाममा अवैध लागुऔषध ट्रामाडोल क्याप्सुल बरामद गरेको हो ।



एक पत्तामा १० क्याप्सुल भएको ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल आइपी ट्रामाडोल लेखिएको ट्रामाडोल क्याप्सुल ५ हजार ४ सय पत्ता, एक पत्तामा १० क्याप्सुल भएको ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल आइपी ५० एमजि ट्रामन लेखिएको ट्रामाडोल क्याप्सुल ४ हजार ८ पत्ता गरी जम्मा ९ हजार ४ सय ८ पत्ता, क्याप्सुल थान ९४ हजार ८० र बिआर ०५ पिए ०४२१ नम्बर भएको भारतीय एम्बुलेन्स एक थान र मोबाइल ३ थान बरामद गरेको पत्रकार सम्मेलनका क्रममा प्रहरी उपरीक्षक नरहरि रेग्मीले बताए । पक्राउ पर्नेमा भारत बिहार प्रान्त, पूर्वी चमपारण, मोतिहारी जिल्ला टुमरिया ग्राम पञ्चायत वार्ड नम्बर ५ स्थायी वतन भएका २० वर्षका समिर आलम, भारतकै मोतिहारी जिल्ला राजबजार नगर वडा नम्बर ३३ बताउने वर्ष ३३ का मोहम्मद मुन्ना अन्सारी, मोतिहारीको पलानवा ग्राम पञ्चायत वार्ड नम्बर ९ स्थायी वतन बताउने वर्ष ४५ का नोर्जान खातुन, मोतिहारी जिल्ला नगर वडा नम्बर ५ पछियाटोल स्थायी वतन भएका वर्ष २२ का मोहम्मद उमर सिद्धिकी (एम्बुलेन्स चालक) रहेका छन् ।

सवारीसाधन चेकजाँच गर्ने क्रममा वीरगञ्जबाट काठमाडौंतर्फ तीब्र गतिमा आइरेको बिआर ०५ पिए ०४२१ नम्बर भएको भारतीय एम्बुलेन्समा चेकजाँच गर्दा लागुऔषध बरामद भएको जिल्ला प्रहरी परिसर ललितपुरले जनाएको छ ।

एम्बुलेन्स चालक भारतको बिहार प्रान्त पूर्वी चम्पारण मोतिहारी जिल्ला रक्सौल नगर वार्डनम्बर ५ पछियाटोल स्थायी वतन भएका वर्ष २२ का मोहम्मद उमर सिद्धिकी रहेका छन् ।

एम्बुलेन्सबाट बाहिर निस्किएर भाग्ने प्रयास गरेकाले उनलाई तत्काल नियन्त्रणमा लिइ एम्बुलेन्सको तलासी लिँदा लागुऔषध भेटिएको हो ।

एम्बुलेन्सको बिरामी राख्ने ठाउँमा कालोमा सेतो धर्का भएको र कालोमा हरियो धर्का भएको समेत गरी दुई वटा छुट्टा छुट्टै झोलामा निम्न परिणामको अवैध लागुऔषध ट्रामाडोल क्याप्सुल लुकाइछिपाइ ल्याएको अवस्थामा फेला पारिएको उपरीक्षक रेग्मीले बताए । एम्बुलेन्समा एक बालक र एक बालिकासहित ६ जना रहेको प्रहरीले बताएको छ ।

# स्टडी ग्रुपले नेपाली विद्यार्थीलाई विश्वस्तरीय शैक्षिक अवसर प्रदान गर्ने




**काठमाडौं/मस–**बेलायतको लण्डनस्थित युनिभर्सिटी अफ हडर्सफिल्डसँग भएको साझेदारीअनुसार लन्डनमा आधारित क्याम्पस स्थापना गर्ने सम्झौतापछि स्टडी ग्रुपका सीईओ इयान क्राइटनले नेपाल भ्रमण गरेका छन् । क्राइटनको भ्रमणले लन्डनमा नेपाली विद्यार्थीहरूका लागि शैक्षिक अवसरहरू विस्तार गर्ने स्टडी ग्रुपको प्रतिबद्धतालाई थप सशक्त बनाएको छ । युनिभर्सिटी अफ हडर्सफिल्ड आफ्नो विस्तृत पाठ्यक्रम र विद्यार्थीहरूलाई प्रदान गरिने उच्चस्तरीय सहयोगका लागि प्रसिद्ध छ । स्टडी ग्रुप नेपालका विद्यार्थीहरूलाई उत्कृष्ट शिक्षा, सहयोग, मार्गदर्शन र अन्य अन्तर ाष्ट्रिय स्रोतहरू उपलब्ध गराउन तयार छ । जसले तिनीहरूलाई विश्वव्यापी शिक्षा हासिल गर्न सहयोग गर्नेछ । नयाँ अवसर हरूमा व्यवस्थापन, अन्तर्राष्ट्रिय व्यापार, कम्प्युटिङ, मार्केटिङ जस्ता मास्टर कार्यक्रमहरू समावेश छन् । यसका साथै विद्यार्थीहरूको शैक्षिक लक्ष्य हासिल गर्न असाधारण परामर्श र निर्देशन पनि प्रदान गरिनेछ ।

क्राइटेनको भ्रमणका अवसरमा लन्डनको शैक्षिक केन्द्रमा विकास भइरहेको युनिभर्सिटी अफ हडर्सफिल्डको नयाँ क्याम्पसबारे छलफल गरिएको थियो । यो क्याम्पस एक नवीनतम सम्पत्ति विकास परियोजनाको केन्द्रमा अवस्थित हुनेछ, जसका कारण विद्यार्थीहरूले उत्कृष्ट वातावरणमा आफ्नो अन्तर्राष्ट्रिय अध्ययन गर्न सक्नेछन् ।

यस महत्त्वपूर्ण साझेदारीबारे आफ्नो विचार साझा गर्दै सीईओ क्राइटनले विद्यार्थीहरूको अध्ययन अनुभवी प्राध्यापक र आफ्ना क्षेत्रका विज्ञहरूद्वारा सञ्चालित हुने जानकारी दिए ।

विद्यार्थीहरूलाई रोजगारमुखी वातावरणमा सिक्ने अवसर प्राप्त हुने उल्लेख गर्दै उनले विद्यार्थीरूलाई सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न सहयोग गर्ने बताए । साथै सही विद्यार्थीहरूले सही पाठ्यक्रम र सही विश्वविद्यालय चयन गर्नु नै उनीहरूको शैक्षिक र व्यावसायिक सफलताका लागि अत्यन्त महत्त्वपूर्ण हुने उनको भनाइ छ ।

# ‘अबको दशक मिल्काइसकेको पात्रको बारेमा छलफल गर्ने समय होइन’



**काठमाडौं/मस–** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पूर्वराजा ज्ञानेन्द्र शाहप्रति लक्षित गर्दै विगतमा मिल्काइसकेको पात्रको बारेमा छलफल गर्ने समय नरहेको टिप्पणी गरेका छन् ।

शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले २०८०–०९० दशक विगतमा फालिसकेको पात्र र विषयमा छलफल गरेर बस्ने समय नरहेको जिकिर गरे । उनले राजतन्त्रलाई नचाहिने, थोत्रो भएको टिप्पणी गर्दै गइसकेको कुरामा छलफल गर्न जरुरी नरहेको बताए । उनले अबको एक दशक आइटीको एक्सपर्टलाई ५ गुणा कसरी बनाउने, तलव तीन गुणा कसरी बढाउने ? आइटीको एन्फास्ट्रक्चर कसरी बढाउने भन्ने कुरा बहसको विषय बन्नुपर्ने बताए । उनले अबको ८/१० वर्ष भित्रमा कीर्तिपुरको डाँडामात्रै नभइ अन्य ठाउँमा पनि दुई/चार लाख रुपैयाँ कमाएको स्थिति बनाउनसक्ने बताए ।

महामन्त्री थापाले भने, ‘हामी अबको ८/१० वर्ष भित्रमा मलाई फेरि पनि मेरो विश्वास छ । कीर्तिपुरको डाँडामात्रै होइन । त्यस्ता थुप्रै डाँडाहरुमा साथीहरुले दुई चार लाख रुपैयाँ कमाएको स्थिति हामी बनाउनसक्छौं । त्यो पोर्टेन्सियल हामीसँग छ । तर त्यसका निम्ति सोच्नुपर्नेछ । त्यो डिरेक्शनमा काम गर्नुपर्नेछ । हाम्रो शुरुवात भइसक्यो । अलिकति गति बढाउनुपर्नेछ । हाम्रो गति पुगेको छैन । यो हाम्रो लागि एउटा अवसर हो । कानूनमा ल्याउनुपर्ने बदलाव पनि ल्याऔं । अरु स्ट्रक्चरमा ल्याउनुपर्ने कुराहरु पनि ल्याऔं । एकदम पोजेटिभ, ओपन माइण्डेट । सबै कोलाब्रेसनमा गर्ने, निजी, सरकारी भर्सेस केही पनि छैन, मिलेर गर्ने । हाम्रो भागमा परेको काम हामीले रतपाईंको भागमा परेको काम तपाईंले गर्ने हो ।’ उनले अबको ८/१० वर्ष भित्रमा यो २०८० देखि ०९० सालसम्मको यो १० वर्ष यो नचाहिने, थोत्रा, गइसकेको, हिजो लगेर एक ठाउँमा मिल्काइसकेको, थन्काइसकेको विषय र पात्रको बारेमा छलफल गरेर समय खेर फाल्न हुने बताए ।

उनले थपे, ‘हामीले अब गफ गर्नुपर्ने १० वर्षको विषय भनेको हाम्रो आइटीको एक्सपर्टलाई ५ गुणा कसरी बनाउने, तलव तीन गुणा कसरी बढाउने ? आइटीको एन्फास्ट्रक्चर कसरी बढाउने भन्ने कुरा बहसको विषय बन्नपर्छ ।’ महामन्त्री थापाले अर्थतन्त्रमा अप्ठेरो परेको बेला पनि आइटी क्षेत्रले आशा देखाएको बताए । आइटी क्षेत्रमा नेपाललाई धेरै अवसर रहेको उनले उल्लेख गरे ।

# गौतमबुद्ध विमानस्थल फेरि बन्यो सुनसान



**भैरहवा/मस–** भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल एकपटक पुनः सुनसान बनेको छ । चैत १६ गतेसम्म केही चहलपहल रहेको विमानस्थलमा त्यसयता विमान कम्पनीले उडान गर्ने चासो नदेखाएका कारण सुनसान बन्न पुगेको हो ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट सञ्चालनका लागि उडान भरिरहेको वायुसेवा कम्पनीले गर्मीयामका लागि ‘समर सेड्युल’ लिएका छैनन् । यसले अब यहाँबाट सातामा एक दिन नेपाल एयरलाइन्सको विमानबाहेक अन्य अन्तर्राष्ट्रिय उडान हुने छैन ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल १८ घण्टा सञ्चालनमा आएसँगै भैरहवाबाट उडान भरिरहेका विमान बन्द हुनु संयोग मात्र हुन नसक्ने भन्दै यहाँका व्यवसायीले आक्रोश पोखेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान अवधि घट्दा भैरहवा विमानस्थललाई ‘डाइभर्सन पुल’ को रूपमा प्रयोग गरिएको भन्दै भैरहवाका व्यवसायीले आक्रोश व्यक्त गरेका हुन् ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता श्यामकिशोर साहले भैरहवाबाट उडान हुँदै आएका जजिरा एयरलाइन्स, फ्लाई दुबई, थाइ एयर एसियाले ‘समर सेड्युल’ नलिएको बताए । उनले जजिरा एयरवेजले अलि आशा भने देखाएको बताए । मे महिनादेखि जजिराले भैरहवाबाट उडान भर्ने आश्वासन दिएको साहले जानकारी दिए ।

प्रवक्ता साहका अनुसार वैदेशिक उडानको लागि आवश्यक पर्ने भिसा सेन्टर, श्रम स्वीकृति, मेन पावर, ट्राभल एजेन्सीलगायत तालमाल मिलेको देखिँदैन ।

काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सी र मेनपावर एजेन्सीलाई यता आकर्षित गर्न सकिए मात्र विमानस्थल दीर्घकालीन रूपमा सञ्चालन हुन सक्ने उनको बुझाइ छ । यसका लागि सरकारले पहल गरे निजी क्षेत्रले भने पहल गर्न नसकेको उनको भनाइ छ ।

तर निजी क्षेत्र भने प्रवक्ता साहको यो भनाइ सत्य नरहेको बताउँछन्। एयरपोर्ट सञ्चालनको लागि आन्दोलन गर्दै आएको सिद्धार्थ सञ्जाल रूपन्देही र यसलाई नेतृत्व गर्ने अध्यक्ष अनिल ज्ञवाली साहको भनाइ कर्मचारीको बहाना मात्र भएको बताउँछन् ।

सरकारले विमानस्थलबाट विमान कम्पनीहरूलाई दिने छुट सुविधा समयमै प्रदान नगर्नु प्रमुख कारण रहेको उनी बताउँछन् । यसबाहेक काठमाडौं केन्द्रित व्यवसायीले काठमाडौंभन्दा बाहिर उडान गराउन नचाहेको आरोप उनको छ ।

विमानस्थलबाट उडान नहुनु सरकारी उदासिनता रहेको र भैरहवा विमानस्थललाई ‘डाइभर्सन पुल’ को रूपमा मात्र प्रयोग गरिएको यहाँका व्यवसायीको आरोप छ । गत कात्तिक २३ देखि विमानस्थलभित्र भौतिक संरचना निर्माणको काम थालिएपछि त्रिभुवन विमानस्थल दैनिक १० घण्टा बन्द गरिएको थियो ।

# रास्वपाको जनयात्रा सुरू

**काठमाडौं/मस–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले शनिबार ‘जनयात्रा’ सुरु गरेको छ ।

केन्द्रीय समितिको बैठकको निर्णय अनुसार शनिबार चितवनबाट जनयात्रा कार्यक्रम सुरु भएको हो । उपसभापति, सांसद, केन्द्रीय सदस्य लगायतले भरतपुर-१० को गेष्ट हाउस चौरमा एकमुष्ट रूपमा जनयात्राको सुरुवात गरेका हुन् । उनीहरूले घण्टी बजाएर जनयात्रा शुभारम्भ भएको घोषणा गरेका छन् ।



जनयात्रामा सभापति रवि लामिछाने उपस्थित थिएनन् । शुक्रबार साँझ बुटवल उच्च अदालतको तुलसीपुर इजलासले लामिछानेलाई थुनामा पठाउने आदेश गरेसँगै उनी अहिले प्रहरीको हिरासतमा छन् ।

लामिछानेले पक्राउ पर्नुअघि कार्यक्रम नरोक्न निर्देशन गरेका थिए । लामिछानेले जनयात्राको सभामा आफू गृहमन्त्री भएको प्रचण्ड नेतृत्वको सरकार किन ढालियो भन्ने बारेमा खुलासा गर्ने पनि बताएका थिए ।

जनयात्रा शुभारम्भ कार्यक्रममा रास्वपाका कार्यवाहक महामन्त्री कवीन्द्र बुर्लाकोटीले सभापति लामिछानेको लडाइँ कानुनी मात्रै नभएर राजनीतिक लडाइ पनि भएको बताए ।

बुर्लाकोटीले भ्रष्ट र दलालतन्त्रको प्रसय गर्ने सरकारले अदालतको फैसलालाई टेकेर बदनियतका साथ रातारात पक्राउ गरेको दाबी गरे ।

उनले राजनीतिक लडाइँमा सबै मिलेर जित हासिल गरिने भन्दै हातमा हात मिलाएर एकताबद्ध भएर पार्टी अघि बढ्ने बताए ।

यस्तै, उपसभापति स्वर्णिम वाग्लेले पार्टी सभापति लामिछानेलाई दुनियाँकै ठूलो अपराधी जस्तो गरेर धरपकड गरेको आरोप लगाए ।

वाग्लेले जनयात्रामा सभापतिलाई बोल्नै नदिनका लागि शुक्रबार राति पक्राउ गरिएको दाबी गरे ।

उनले लामिछानेविरुद्ध आएको फैसला बहस सकिएको दुई घण्टामा लेखिसक्ने कुनै सम्भावना नभएकाले तानाबाना पहिल्यै बुनिएको देखिएको जिकिर गरे ।

# ‘लागुऔषध नियन्त्रण गर्न संयुक्त प्रयास जरूरी’

काठमाडौं/मस-काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङको प्रमुख आतिथ्यतामा औषधिजन्य लागुऔषध दुरूपयोग नियन्त्रण विषयक सचेतनामूलक कार्यक्रम शनिबार सम्पन्न भएको छ । काठमाडौं उपत्यका प्रहरी कार्यालयद्वारा संचालित ‘लागुऔषधविरूद्धको महाअभियान’अन्तर्गत नेपाल औषधि व्यवसायी संघ, बागमती प्रदेशको सहकार्यमा नेपाल पुलिस क्लब भृकुटीमण्डपमा उक्त सचेतनामूलक कार्यक्रम सम्पन्न भएको हो ।

सो अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङ र नेपाल औषधि व्यवसायी संघका अध्यक्ष ध्रुव नारायण श्रेष्ठ बीच लागुऔषधविरूद्ध आपसी सहयोग, समन्वय र सहकार्य सम्बन्धी समझदारीपत्र आदानप्रदान समेत भएको थियो ।

कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले लागुऔषध रोकथाम तथा नियन्त्रण गर्नको लागि यस्ता कार्यक्रम अत्यन्तै महत्वपूर्ण हुने चर्चा गर्दै आगामी दिनमा अन्य सरोकारवाला निकायसँग समेत समन्वय र सहकार्य गर्दै जाने बताए ।

## सम्पादकीय

# विधिमा अविश्वास !

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई उच्च अदालत बुटवलको आदेशबमोजिम फेरि थुनामा पठाइएको छ । सहकारी बचत रकम हिनामिना आरोपमा लामिछाने ८४ दिन प्रहरी हिरासत बसेर धरौटीमा छुटेका थिए । कास्की, काठमाडौं, चितवन र बुटवल अदालतबाट धरौटी रकम बुझाएर थुनामुक्त भएका लामिछाने पुनरावेदन लिएर उच्च अदालत गएका थिए । धरौटी रकम नभएर साधारण तारेखको मागसहित लामिछाने पुनरावेदन गएका थिए । तर, लामिछानेको पुनरावेदनको सुनुवाइ गर्ने क्रममा फेरि थुनामा राखेर अनुसन्धानको आदेश भएको छ । शुक्रबार दिउँसो थुनामा राखेर अनुसन्धानको आदेश भएपछि राति नै लामिछानेलाई पक्राउ गरियो । अहिले राष्ट्रिय राजनीतिको मुख्य एजेन्डा उनै लामिछाने थुनामा पठाउने आदेश र गिरफ्तारी बनिरहेको छ ।

अदालतको आदेशप्रति शंका सिर्जना गर्ने काम भने उनै रवि लामिछानेले गरेका छन् । अदालतको आदेशबमोजिम प्रहरी पक्राउका निम्ति आफ्नो निवास आउनुलाई लामिछानेले पूर्वयोजना भनेर शंका सिर्जना गर्ने काम गरे । शनिबार चितवनमा आयोजित सभाबाट पनि रास्वपाका नेताहरूले लामिछानेमाथि षड्यन्त्र भएको शंका सार्वजनिक गरे । रवि र रास्वपाका दाबीविपरीत सत्तारूढ नेकपा एमालेका नेताहरूको अभिव्यक्ति आइरहेको छ । अदालतको आदेशलाई सत्ता र गृहमन्त्रीसँग जोडेर व्याख्या गरिन नहुने उनीहरूको मत छ । रवि लामिछाने मन नपराउनेहरूले अदालतको आदेशलाई राजनीतीकरण नगर्न र आदेशको पालना गर्न सुझाव दिइरहेका छन् । रवि लामिछानेले गृहमन्त्रीका हैसियतमा गरेका कामहरू सम्झाउने पंक्तिसमेत देखिन्छ ।

संसदीय छानबिन समितिको प्रतिवेदनबमोजिम यसअघि रविलाई प्रहरीले नियन्त्रण गर्दा पनि यस्तै मतभेद देखिएको थियो । रास्वपाले रवि पक्राउविरुद्ध सडक प्रदर्शन नै गरेको थियो । रविमाथि प्रतिशोध राखेर मुद्दा चलाइएको प्रचार रास्वपाले गरेको थियो । प्रहरी प्रशासनबाट भएका कतिपय कामहरूले आशंकालाई बल पुग्थ्यो । अनुसन्धानलाई लम्ब्याउनु, एकपछि अर्को मुद्दा दर्ता गरिनु र राताराती हिरासत सार्ने काम भएको थियो । तर, अदालतले धरौटीमा छाड्न आदेश दिएको थियो । धरौटीमा थुनामुक्त भएपछि लामिछाने फेरि राजनीतिमा सक्रिय हुन थालेका थिए । सरकारविरोधी सभा आयोजना गर्ने जानकारी दिएका थिए । त्यस्तै बेला पक्राउ पर्दा रास्वपा नेताहरूको शंकालाई बल पुगेको छ । दुवै पक्षबाट भइरहेका शंका र गतिविधि सही छैनन् । यसले सहकारीपीडितहरूले पाउनुपर्ने न्याय नपाउने मात्र नभएर न्यायिक फैसलाप्रति अविश्वास सिर्जना हुन सक्छ ।

# कता जाँदै छ नेपालको अर्थतन्त्र ?

**अग्रलेख**




● चन्द्रबहादुर बस्याल

*नेपालको आर्थिक नीति दिगो, समावेशी तथा आत्मनिर्भर हुनेगरी निर्माण गर्न आवश्यक छ । लगानीमैत्री वातावरण सिर्जना गर्ने, सरकारी नीतिहरूलाई प्रभावकारी बनाउने, कार्यान्वयन पक्षलाई सबल बनाउने तथा नवप्रवर्तनशील आर्थिक नीति अवलम्बन गर्ने हो भने नेपालले आर्थिक समृद्धि हासिल गर्न सक्छ...*

अर्थनीति देशको आर्थिक वृद्धि दर, रोजगारी सिर्जना, आत्मनिर्भरता तथा दीर्घकालीन समृद्धिलाई ध्यानमा राखेर निर्माण गरिन्छ। आर्थिक विकासका मुख्य आधारहरू कृषि, उद्योग, पर्यटन, वैदेशिक व्यापार, वित्तीय सेवा र पूर्वाधार विकासमा केन्द्रित छन् । नेपालले हालैका वर्षहरूमा विभिन्न क्षेत्रहरूमा केही प्रगति हासिल गरेको छ, तथापि अझै पनि धेरै चुनौतीहरू सामना गर्ने अवस्था छ ।

कृषि क्षेत्रले नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा महत्त्वपूर्ण योगदान पुर्‍याउँछ । आर्थिक सर्वेक्षण २०८०/०८१ अनुसार कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा कृषि क्षेत्रको योगदान २४ दशमलव ०९ प्रतिशत छ । गत आ. व.मा २३ दशमलव ९२ प्रतिशत थियो । पछिल्लो १० वर्षमा कृषि क्षेत्रको औसत वृद्धि दर २ दशमलव ७५ प्रतिशत छ ।

यद्यपि, यो क्षेत्र परम्परागत प्रविधिमा निर्भर छ, जसले उत्पादनशीलता कम बनाएको छ । आधुनिक कृषि प्रविधि अपनाउने, सिँचाइ सुविधा विस्तार गर्ने, मल तथा उन्नत बिउको व्यवस्थापन सुधार गर्ने र कृषकहरूलाई वित्तीय सहयोग उपलब्ध गराउनेजस्ता नीतिहरू आवश्यक छन् । यी सुधारहरूले कृषि उत्पादन वृद्धि गर्न, आयात प्रतिस्थापन गर्न र निर्यात प्रवर्द्धनमा मदत पुर्‍याउने छन् ।



औद्योगिक क्षेत्र नेपालको आर्थिक विकासका लागि महत्त्वपूर्ण छ तर यसको योगदान पछिल्ला वर्षहरूमा घट्दै गएको छ । सन् २०१४/०१५ मा जीडीपीको ६ दशमलव २० प्रतिशत योगदान गर्ने यो क्षेत्र सन् २०२३/०२४ मा ४ दशमलव ८७ प्रतिशतमा झरेको छ ।

उद्योग स्थापनामा पूर्वाधारको अभाव, लगानीमैत्री वातावरणको कमी, ऊर्जा अभाव र नीतिगत अस्थिरताले चुनौती सिर्जना गरेको छ । साना तथा मझौला उद्योगहरू प्रवर्द्धन गर्न, लगानी सुरक्षाका लागि ठोस नीति निर्माण गर्न र निर्यातमुखी उत्पादनलाई प्रोत्साहन गर्न आवश्यक छ ।

प्राकृतिक स्रोतहरूको सही उपयोग गर्दै खाद्य प्रसंस्करण, लघु तथा मध्यम उद्यमहरूलाई प्रवर्द्धन गर्नु आवश्यक छ ।

नेपालको पर्यटन क्षेत्र आयस्रोतको महत्त्वपूर्ण स्रोत हो । आर्थिक सर्वेक्षण २०८०/०८१ अनुसार कोभिड महामारीले शिथिल बनेको पर्यटन क्षेत्र कोभिडपूर्वकै अवस्थामा फर्किएको जनाएको छ । चालू आ. व.को फागुनसम्म पर्यटन क्षेत्रबाट प्राप्त हुने भ्रमण आय ४२ दशमलव १ प्रतिशतले बढेर ५१ अर्ब ३९ करोड पुगेको छ ।देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा पर्यटन क्षेत्रको योगदान न्यून देखिए पनि पर्यटन उद्योगसँग सम्बन्धित आवास तथा भोजन सेवाको कुल मूल्य अभिवृद्धि उत्साहप्रद रहेको देखिन्छ । चालू आ. व.मा आवास तथा भोजन सेवाको मूल्य अभिवृद्धि २१ दशमलव ८४ प्रतिशत रहने अनुमान छ ।

विदेशी पर्यटक आगमनमा वृद्धि र आन्तरिक पर्यटनमा भएको विस्तारकै कारण चालू आ. व.मा यस क्षेत्रको योगदान १ दशमलव ९७ प्रतिशतबाट बढेर २ दशमलव ४२ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ । आवास तथा भोजन सेवाको वृद्धि दर सबैभन्दा उच्च २१ द्यशमलव ८४ प्रतिशत रहने अनुमान छ ।

तर, पूर्वाधार विकासको कमी, बजार प्रवर्द्धनमा कमजोरी, सेवा क्षेत्रको गुणस्तर सुधार्न नसक्नुलगायत कारणले पर्यटन क्षेत्र अपेक्षित उचाइमा पुग्न सकेको छैन । आवश्यक पूर्वाधार विकास गर्नुका साथै, पर्यटकको बसाइ लम्ब्याउने रणनीति निर्माण गर्न, नयाँ गन्तव्यहरू विकास गर्न, दिगो पर्यटन प्रवर्द्धन गर्न र विपद् व्यवस्थापन नीति बनाउन आवश्यक छ ।

नेपालको वैदेशिक व्यापार घाटा उच्च छ । गत आर्थिक वर्ष २०८०/०८१ मा नेपालले कुल १७ खर्ब ४५ अर्ब ३६ करोड ६७ लाख बराबरको वैदेशिक व्यापार गर्दा १४ खर्ब ४० अर्ब ६० करोड ४२ लाख घाटा बेहोरेको छ ।

भन्सार विभागले सार्वजनिक गरेको गत आ. व.को वैदेशिक व्यापारको तथ्यांकअनुसार कुल १५ खर्ब ९२ अर्ब ९८ करोड ५५ लाखको वस्तु आयात गर्दा १ खर्ब ५२ अर्ब ३८ करोड १२ लाखको मात्र निर्यात गरेको देखिएको हो ।

विभागको तथ्यांकअनुसार अघिल्लो आ. व.को तुलनामा आयात, निर्यात र समग्र वैदेशिक व्यापार घटेको छ । अघिल्लो आ. व. २०७९/०८० मा नेपालले १६ खर्ब ११ अर्ब ७३ करोड १७ लाख बराबरको आयात र १ खर्ब ५७ अर्ब १४ करोड ६ लाख बराबरको निर्यात गर्दा कुल वैदेशिक व्यापार १७ खर्ब ६८ अर्ब ८७ करोड २४ लाख पुगेको थियो । अघिल्लो आ. व.को वैदेशिक व्यापारघाटा १४ खर्ब ५४ अर्ब ५९ करोड ९१ लाख बराबर थियो ।

विशेषगरी आयातमा उच्च निर्भरता र निर्यातयोग्य वस्तुको उत्पादन तथा विविधीकरणको कमीले व्यापारघाटा बढाएको छ । स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने, घरेलु उद्योगलाई प्रवर्द्धन गर्ने र निर्यात व्यापारलाई सहज बनाउने नीति निर्माण जरुरी छ ।

व्यापार सन्तुलन सुधार्नका लागि आयात प्रतिस्थापन नीति, उत्पादनशील क्षेत्रको प्रवर्द्धन, कृषिजन्य तथा हस्तकला उद्योगलाई विश्व बजारसम्म पुर्‍याउने योजनाहरू लागू गर्नुपर्छ । वित्तीय क्षेत्र आर्थिक वृद्धिको मेरुदण्ड हो । नेपालमा वित्तीय पहुँच बढ्दै गएको छ । सन् २०१४ मा ३३ दशमलव ८८ प्रतिशत वयस्कहरू बैंक खाता भएका थिए, जुन सन् २०२१ मा ५४ प्रतिशतमा पुगेको छ ।

तर, ग्रामीण तथा दूरदराजका क्षेत्रमा अझै पनि वित्तीय सेवाको पहुँच कम छ । वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्न, डिजिटल बैंकिङ प्रणालीलाई सरल तथा सुरक्षित बनाउने, लगानीकर्ताको सुरक्षा तथा वित्तीय स्थिरताका लागि नीति निर्माण आवश्यक देखिन्छ । पुँजी बजारलाई प्रभावकारी बनाउन, शेयर बजारमा पारदर्शिता ल्याउन र विदेशी लगानी आकर्षित गर्नका लागि कानुनी सुधार आवश्यक छ ।

नेपालमा पूर्वाधार विकासको अवस्था अझै कमजोर छ । सडक, रेल, ऊर्जा, संचार तथा अन्य आधारभूत पूर्वाधारको अभावले औद्योगिक विकास तथा लगानी प्रवाहमा बाधा पुर्‍याएको छ । जलविद्युत् क्षेत्रको ठूलो सम्भावना रहे तापनि सरकारी लगानी, प्रविधि तथा नीति निर्माणमा भएको ढिलाइका कारण यो क्षेत्रले अपेक्षित सफलता पाउन सकेको छैन ।

यातायात तथा संचार पूर्वाधारलाई सुदृढ गर्दै उद्योग तथा व्यापारको प्रवर्द्धन गर्नुपर्ने आवश्यकता छ । सार्वजनिक-निजी साझेदारी मोडेललाई प्राथमिकता दिँदै ठूला पूर्वाधार परियोजनाहरू कार्यान्वयन गर्नु आवश्यक छ ।

नेपालको अर्थनीति नीति तथा योजना निर्माणका साथै यसको कार्यान्वयनमा पनि निर्भर रहन्छ । नीति राम्रो भए तापनि कार्यान्वयनमा कमजोरी रहने हुँदा अपेक्षित नतिजा प्राप्त गर्न कठिन भएको छ । भ्रष्टाचार, प्रशासनिक जटिलता, अस्थिर सरकार तथा अव्यवस्थित योजना कार्यान्वयनले नेपालको आर्थिक विकासमा अवरोध पुर्‍याएको छ ।

सुशासन, उत्तरदायित्व, पारदर्शिता तथा दीर्घकालीन सोच भएका नीति तथा कार्यक्रमलाई प्राथमिकता दिनु आवश्यक छ । सरकारी निकायहरूको समन्वय तथा प्रभावकारी कार्यान्वयन प्रणालीको अभावले गर्दा नीति निर्माणका सकारात्मक प्रभावहरू देखिन सकेका छैनन् ।

निष्कर्षमा, नेपालको आर्थिक नीति दिगो, समावेशी तथा आत्मनिर्भर हुनेगरी निर्माण गर्न आवश्यक छ । कृषि, उद्योग, पर्यटन, वैदेशिक व्यापार, वित्तीय सेवा तथा पूर्वाधार विकासलाई एकीकृत रूपमा अघि बढाउनुपर्छ । लगानीमैत्री वातावरण सिर्जना गर्ने, सरकारी नीतिहरूलाई प्रभावकारी बनाउने, कार्यान्वयन पक्षलाई सबल बनाउने तथा नवप्रवर्तनशील आर्थिक नीति अवलम्बन गर्ने हो भने नेपालले आर्थिक समृद्धि हासिल गर्न सक्छ ।

दीर्घकालीन आर्थिक रणनीति निर्माण गर्दै, क्षेत्रगत सुधारहरूलाई प्राथमिकता दिई कार्यान्वयनमा जोड दिन सकिएमा नेपाललाई आत्मनिर्भर बनाउन सकिन्छ । यसका लागि, सबै सरोकारवालाहरूको सहकार्य, दृढ संकल्प तथा प्रभावकारी कार्यान्वयन अपरिहार्य छ ।

## इतिहासमा आज

६ अप्रिल १६७२ मा फ्रान्सले नेदरल्यान्ड्सविरुद्ध युद्ध घोषणा गरेको थियो ।



६ अप्रिल १९०९ मा अमेरिकी अन्वेषक म्याथ्यु हेन्सन र रोबर्ट पेरी उत्तरी ध्रुवमा पुगेका थिए ।




६ अप्रिल १९३९ मा पोल्यान्ड र ग्रेट ब्रिटेनबीच सैन्य सम्झौता भएको थियो ।



६ अप्रिल १९३१ मा 'ए कनेक्टिकट यान्की' नामक उपन्यासमा आधारित फिल्म रिलिज भएको थियो ।




## सामाजिक सञ्जाल



मुमाराम खनाल

मुख्य पार्टी भनिने केही दलका कथित शीर्ष नेताहरू त कहिल्यै सुध्रिँदैनन्, आजको राजनीतिक अवस्थालाई हेरेर राजावादी शक्तिहरू सुध्रे भने धेरै राम्रो तर नेपाली संचार माध्यम सुध्रिएन भनेचाहिँ दल र राजावादीभन्दा अघि नै आत्महत्या गर्ने छ ।

२०६२/०६३ को आन्दोलनको रिपोर्टिङ गरेका अनुभवी पत्रकार अझै पत्रकारितामै छौं । त्यो बेलामा रिपोर्टिङमा निस्कँदा घर फर्किइन्छ कि फर्किन्न ठेगान थिएन । तर, राज्यबाट भएका दमन कमै लुके । चैत १५ मा भएको सुरक्षा चुकलाई भोलिका दिनमा दोहोरिन नदिन पनि के-के भए लेख्नै पर्छ । नत्र यसले वैधता पाउँछ ।



केपी ढुंगाना



रञ्जित तामाङ

के धेरै बाठो भयो भने कुन्नि के भएर आफ्नै खति निम्त्याउँछ भन्थे । ठ्याक्कै त्यस्तै भयो, काठमाडौं महानगरमा प्रमुख प्रशासकीय प्रमुखको लफडामा मेयर बालेन शाह । कम्तीमा आफूले गरेको काममा कानुनी आधार त खोज्नुपर्छ । सनकले मात्रै चल्ने भए संसारमा राज्य व्यवस्था अस्तित्वमै आउँदैन थियो ।

मिडिया सशक्त भइदिएको भए गृहमन्त्री र गृह प्रशासनमाथि उहिले छानबिन चल्थ्यो । गृहमन्त्री निलम्बन भइसकेका हुन्थे । तर, मिडिया नै व्यवस्थाका संरक्षकका रूपमा प्रस्तुत हुनु र सत्य, तथ्य एवं वस्तुनिष्ठ नहुनु विडम्बनापूर्ण छ । रिर्पोटिङको सट्टा थरिथरि आख्यान पस्कनमा ऊर्जा खर्च गरेको देखियो ।



पुष्पराज आचार्य

# जनताले खोजेको विकल्प

**विचार**



● गोरखबहादुर बी.सी.

*देशमा भएका हरेक विकृति, भ्रष्टाचार, राष्ट्रघाती एवं कुशासनका विरोधमा विकल्प खोज्न आज जनता सडकमा आएका हुन् । शासकले राम्रो गरेनन् भनेर नै जनताले असन्तुष्टि पोखेका हुन् ।*

मुलुकलाई नेतृत्व प्रदान गर्ने र समग्र रूपमा राष्ट्रका हितमा काम गर्ने राजनेताको खडेरी र अभाव परेकै कारण राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा समस्या आएको हो ।

अराजकता, विकृति, भ्रष्टाचार, अनियमितता एवं अस्थिरता उत्पन्न यही कारण भएको हो । विचार, सिद्धान्त र त्यागको राजनीति गर्ने नेता, नेतृत्व भएको भए देशको हालत यस्तो हुँदैनथ्यो ।

देश निर्माण निर्माण गर्ने र राष्ट्रलाई समृद्धिशाली बनाउने राजनेता नभएकाले नै छिमेकी तथा बाह्य शक्तिको आशा र भरोसामा चलेका कारण यो समस्या देखिएको हो । मुख्यगरी नेतृत्व र त्यससँग जोडिएका राजनीतिक दलहरूले गर्दा आजको २१औं शताब्दीमा पनि जुत्ताको पिनदेखि छाताको टुप्पीसम्म अरूकै भरमा पर्नुपर्ने अवस्था आउँदैन थियो ।

नेपाली जनताको जनचाहनालाई नबुझ्नु वा बुझेर पनि नितान्त आफ्नो निजी स्वार्थ र गुट वरिपरि घुम्नुले मुलुकलाई समस्यामा पुर्‍याएको हो । राजनीतिक दलका नेतृत्व वर्गहरूले जनताभन्दा पनि सत्ता, शक्ति, भक्ति र भत्तालाई महत्त्वपूर्ण मानिरहने हुन् भने यो देशलाई सुडान, युक्रेन, रुवान्डा, लिबिया एवं सिरियाको युद्धको हालतमा पुर्‍याउन सक्छन् ।

हिजोको राज्य व्यवस्था ठीक भएन भनेर नै ठूलो आन्दोलन गरी आज संघीय लोकतन्त्र स्थापना गरिएको हो । संविधान निर्माण गर्न पनि सामान्य खर्च गरिएको होइन । तर, यति ठूलो संघर्षबाट निर्माण भएको संविधान न देशको इतिहास र भूगोलसँग मेल खान्छ, न त यस देशको प्रकृति, हावापानीसँग नै खेल खान्छ ।

यो अधुरो र बाह्य शक्तिबाट बनेको संविधान न संघीय क्षेत्रहरू देश र भूगोलसँग जोडिएको छ, न त इतिहाससँग । यही संविधानको फेहरिस्तमा आज व्यापक असन्तुष्टिहरू प्रकट भइरहेका छन् । यद्यपि, यसको निवारण आवश्यक छ ।

हाम्रो जस्तो देश भू-राजनीति र सामरिक महत्वले मात्र ठाउँ लिएको छैन, राजनीतिक क्षेत्रमा नै भ्रष्टीकरण, अपराधीकरण एवं व्यापारीकरण व्यापक मौलाएको छ । नेपालको खासगरी सामरिक सुरक्षाका विदेशी शक्तिहरूले नेपालको भू-राजनीतिमा ठूलै खेल खेलेको पाइन्छ ।

नेपाली राष्ट्रियता, अखण्डता सार्वभौमसत्तालाई ख्यालमा राखी सबै राजनीतिक दल, बौद्धिक जगत्, नागरिक समुदाय एवं पेसागत समुदायहरूलाई एकै ठाउँमा बोलाएर राष्ट्रिय राजनीतिक सम्मेलन गर्न नितान्त अहिले जरुरी छ ।

त्यसमा जनताको जनादेशअनुसार राष्ट्रिय एजेन्डामा प्रवेश गरी दीर्घकालीन रूपमा त्यसले मात्र सही बाटो र राष्ट्रिय राजनीतिक यात्रा र समस्याको समाधान निकाल्न सकिन्छ ।

आज उही विचार, उही सिद्धान्त भईकन किन गुट/उपगुटमा विभाजन भएर कसैको महत्त्वाकांक्षालाई पूरा गर्ने काम किन भइरहेको छ ? यस्तै परिवेश भइरह्यो भने नेपाल सधैं असफल राष्ट्र र कुनै न कुनै रूपको द्वन्द्व र युद्धले व्यापकता पाउने अवस्था नआउला भन्न सकिन्नँ ।

नेपाली जनताको हितमा हुने अबको विकल्प के होला भन्नेतर्फ सबै शक्तिबीच छलफल हुन आवश्यक छ । अहिलेका सबै दलहरूका बीचमा इमानदारीपूर्वक व्यापक छलफल र बहस भएमा बेथिति हटाउन सकिन्छ ।

हिजोदेखि हालसम्म हरेक परिवर्तन, क्रान्ति र बलिदानलाई आत्मसात् गर्दै जानुपर्छ, अन्यथा मुलुक ठूलो समस्यामा जान सक्छ ।

यही सेरोफेरोमा देशमा भएका हरेक विकृति, भ्रष्टाचार, राष्ट्रघाती एवं कुशासनका विरोधमा विकल्प खोज्न आज जनता सडकमा आएका हुन् । शासकले राम्रो गरेनन् भनेर नै जनताले असन्तुष्टि पोखेका हुन् ।

त्यस कारण अहिलेको नेतृत्व सच्चिनै पर्छ । जनताका मागलाई सम्बोधन गर्नै पर्छ । नभएमा देशले नै ठूलो क्षति बेहोर्नुपर्ने हुन सक्छ, जुन कुरा अहिलेका नेतृत्वले समयमै चेत्न आवश्यक छ ।

# ३६ लाखमा निर्माण भएको विद्यालय भवन २ वर्षदेखि प्रयोगविहीन

**विनोद निगम/मध्यान्ह**
नवलपरासी, २३ चैत



पश्चिम नवलपरासीको पाल्हिनन्दन गाउँपालिका-१, रमपुरवा बड्की सुनरी पर्ने बाल शिक्षा निकेतन माध्यमिक विद्यालयको आफ्नै जग्गामा निर्माण गरिएको भवन २ वर्षदेखि प्रयोगविहीन अवस्थामा रहेको छ। ३६ लाख रुपैयाँको लागतमा निर्माण सम्पन्न भएपनि आवश्यक पूर्वाधार अभावका कारण भवन अझै सञ्चालनमा आउन सकेको छैन।

विद्यालयका प्रधानाध्यापक सुनिल कुमार तिवारीका अनुसार विद्यालयमा विद्यार्थी संख्या बढ्दो रहेको छ। तर नयाँ भवन निर्माण भएपनि आवश्यक पूर्वाधार नहुँदा शिक्षण कार्य सञ्चालन गर्न कठिनाइ भइरहेको छ। भवन निर्माण सम्पन्न भएपनि पर्खाल लगाउन र भित्री संरचना पूर्ण बनाउन अझै बजेटको अभाव रहेको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप पटनावरका अनुसार विद्यालय भवनको करिब ७५ प्रतिशत निर्माण कार्य पूरा भइसकेको छ। बाँकी भित्री संरचना तथा पर्खाल निर्माण सम्पन्न गर्न अझै केही समय लाग्ने अनुमान गरिएको छ।

विद्यालयको पुरानो भवनमा कक्षा कोठाको उचित व्यवस्थापन नभएपछि करिब २ किलोमिटर दूरीमा रहेको नयाँ जग्गामा भवन निर्माण कार्य थालिएको थियो। तर २ वर्ष बितिसक्दा पनि समस्या समाधान हुन सकेको छैन। विद्यालयमा प्राथमिक तहका कक्षाकोठामा डेक्स-बेन्चको अभाव यथावत छ भने खानेपानी र शौचालयको अवस्थासमेत दयनीय छ। तर सम्बन्धित निकायको पर्याप्त ध्यानाकर्षण हुन सकेको छैन। नयाँ भवन निर्माण गरिएको ठाउँमा गाउँपालिकाले फर्कला निर्माणका लागि ३० लाख रुपैयाँको बजेट विनियोजन गरेको छ भने प्रदेश सरकारले भित्री संरचना सम्पन्न गर्न १० लाख रुपैयाँ छुट्याएको छ। तर काम सुस्त गतिमा अघि बढ्दा भवन पूर्ण रूपमा प्रयोगमा ल्याउन कठिनाइ भइरहेको छ। विद्यालय प्रशासनका अनुसार स्थानीय तथा प्रदेश सरकारको समन्वय र शीघ्र बजेट व्यवस्थापन भएमा मात्र विद्यालयको नयाँ भवन विद्यार्थीका लागि उपयोगी बनाउन सकिन्छ।

# हरिनास गाउँपालिका इकाई कतारद्वारा बिरामीलाई नगद सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २३ चैत



स्या.स.स. हरिनास गाउँपालिका इकाई कतारले गृह जिल्लाका दुई फरक-फरक रोगबाट ग्रसित बिरामीको उपचारमा आर्थिक सहयोग गरेको छ।

हेमटोलोजी (रगत सम्बन्धी रोग) को पाटन अस्पताल ललितपुरमा उपचार गराइरहेकी हरिनास गाउँपालिका वडा नं २ प्यार्सिङ ग्याब्दी निवासी देवबहादुरको छोरी वर्ष १८ की टेक माया थापाको उपचारार्थ २५ हजार रुपैयाँ नगद सहयोग गरेको छ।

इकाईले अर्का बिरामी सोही गाउँपालिका वडा नं ४ राम्चे निवासी धर्मिन्द्र रानाको छोरा वर्ष १२ का ब्लड क्यान्सर पीडित सबिन रानाको उपचारमा २५ हजार रुपैयाँ नगद सहयोग गरेको छ।

कान्ति बाल अस्पताल काठमाडौंमा उपचार गराइ रहेका रानालाई इकाईका प्रमुख सल्लाहकार प्रेमराज रिजालले अस्पतालमै पुगेर सहयोग हस्तान्तरण गरेका हुन्।

दुवै बिरामीको उपचार खर्च महंगो र आर्थिक अवस्था न्यून भएको हुँदा इकाईले आर्थिक सहयोग उपलब्ध गराएको जनाएको छ। 'प्रवासबाट पनि हामी मातृभूमी र जिल्लाका हरेको दुःखमा साथमा छौं'इकाईका अध्यक्ष सोमप्रकाश मानन्धरले मध्यान्हसँगको कुराकानीमा बताए।

उनले कतारमा रहेका हरिनास गाउँपालिका निवासी सबैलाई संस्थामा आबद्ध हुन र बिरामीलाई थप सहयोग गरी दिन पनि आग्रह गरेका छन्। करिब एक दशक अगाडी इकाईका रूपमा स्थापित हरिनास इकाई कतारमा रहेका अग्रणी सामाजिक संस्था भन्दा सक्रिय इकाईका रूपमा परिचित रहेको छ।

# 'विपद्को पूरा तथ्यांक नहुँदा कार्यान्वयनमा समस्या'

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २३ चैत्र



डोल्पाबाट निर्वाचित कर्णाली प्रदेश सभाका ३ सांसद यतिबेला गृह जिल्ला डोल्पामा छन्।

कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेटमा जिल्लाका आयोजना छनोट सिफारिस समितिको बैठक बस्न जिल्लाबाट निर्वाचित सांसद तथा कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्री शेरबहादुर बुढासँगै कर्णाली प्रदेश सरकारका पूर्व मन्त्रीद्वय तथा प्रदेश सभा सांसद वीरबहादुर शाही र उर्मिला विश्वकर्मा गृह जिल्ला पुगेका हुन्।

जिल्ला प्रशासन कार्यालय डोल्पाको सभा हलमा शनिबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा जिल्लामा विपद्को बेला विभिन्न समयमा आएपनि जिल्लाका विभिन्न सरोकारवाला निकायले राख्नुपर्ने विपद्को तथ्यांक नै अपुरो र अलमल पार्ने हुने गरेको कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्री बुढाले बताए।

बैठकमा मन्त्री बुढाले प्रदेश सरकारले विपद्का क्षेत्रमा काम गर्न चाहँदा पनि प्रयाप्त तथ्यांक नभएको कारण काम गर्न नसकिएको बताए।

'जिल्लामा विपदका अनेक घटना हुन्छन् तर ती घटनाको स्थानीय तहदेखि जिल्लाले समेत पूर्ण रुपमा तथ्यांक राख्न सकेको छैन' उनले भने, 'जहाँ विपद् पर्छ त्यो ठाउँमा सबै सरोकारवाला निकायले वास्तविक तथ्यांक राखेर प्रदेश सरकारलाई जानकारी गराए प्रदेश सरकारले सकेको राहत र थप व्यवस्थापनका लागि काम गर्नेछ।'

कर्णाली प्रदेशका अरु जिल्लाको तुलनामा डोल्पा जिल्ला बिपदका घटनाको तथ्यांक राख्नेमा निकै कमजोर रहेको र यसरी तथ्यांक नभए विपद्मा परेका नागरिक र समाज सरकारले दिने सेवावाट बञ्चित हुने भन्दै अब सच्चिन समेत सरोकारवाला निकायलाइ मन्त्री बुढाले निर्देशन दिए।

जिल्लाले हरेक कुराको तथ्यांक राख्नुपर्छ प्रदेश सरकारले गर्ने सवै खाले सहयोग विपद्का लागि गर्न तम्तयार रहेको मन्त्री बुढाले प्रष्ट पारे।

जिल्लाभित्र विपद् व्यवस्थापनका लागि धेरै उपकरणहरुको अभाव रहेको र प्रदेश सरकारले रवर बोटको व्यवस्था गरी भेरी नदीमा हुने दुर्घटनाका बेला उद्धारमा सहजता हुने प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले मन्त्री समक्ष माग गरे।

'पहिलेको तुलनामा विपद्का लागि धेरै कुराको व्यवस्थापन भएको छ तर पनि विपद्का बेला पर्याप्त भने हैन। जिल्लाले अब हरेक कुराको तथ्यांक राखेर नागरिकलाई विपद्मा सहजै राहतको अनुभूति ल्याउने गरी काम गर्ने छौं।'

एक फरक प्रशंगमा मन्त्री बुढाले सदरमुकाम दुनैबाट तिप्ला जाने सडक निर्माणको काम स्थानीय सरकार, जिल्ला प्रशासन र जिल्ला समन्वय समितिबीच छलफल र सहकार्यबाट अघि बढाउन आग्रह गरे। 'नागरिकले सडकको उपभोग गर्न पाउनुपर्छ, सरकारले लगानी गरेको छ। अब सुरक्षित तवरबाट निर्माण गरी सडक नागरिकले उपभोग गर्न पाउने गरी बनाउन जरुरी रहेकोले ठेक्का रद्द गर्ने कुरामा प्रदेश सरकार छैन'मन्त्री बुढाले भने।

# 'मथुरा देशकै पवित्र तीर्थस्थलका रूपमा विकसित हुन्छ'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २३ चैत



प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सन्धिखर्क नगरपालिका वडा नं.५ मथुरालाई देशकै पवित्र धार्मिक तीर्थस्थलका रूपमा विकास गर्ने गरी काम गर्ने लक्ष्य प्रदेश सरकारले लिएको बताएका छन्।

मथुरा वाङ्लाको गोपेश्वर पीठ र राधाकृष्ण मन्दिरमा सञ्चालन भएको श्रीमद्देवीभागवत एवम् शतचण्डी महायज्ञ कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले मथुरालाई धार्मिक महत्वको स्थलका रूपमा विकास गर्ने गरी तीन तहका सरकार लागि परेकाले सबैको साथ सहयोग आवश्यक रहेको बताए।

'यो ठाउँको समृद्धि र विकासका निम्ति विभिन्न क्षणमा सरकारको तर्फबाट सहयोग हुने काम भइरहेको छ। चालू आर्थिक वर्षमा पनि सडकको स्तरोन्नति गर्न बजेटले सम्बोधन गरेको छ। यसका साथै यहाँ पानीको समस्या थियो, त्यसलाई हल गर्ने उद्देश्यका साथ खानेपानीको काम अघि बढेको छ,'मुख्यमन्त्रीले भने,'यो स्थललाई अर्घाखाँची वा लुम्बिनी प्रदेशको मात्रै नभइ देशकै धार्मिक तथा पर्यटकीय स्थलका रूपमा विकास गर्न जरुरी रहेकोले लुम्बिनी आएका पर्यटकहरु अर्घाखाँची हुँदै मथुरा पुऱ्याउने लक्ष्य प्रदेश सरकारको रहेकाले सोही अनुसार काग गर्ने गरी बजेट व्यवस्थापन गर्नेछ।'

जंगबहादुर जन्मिएको भनेर चिनिने ऐतिहासिक पौवाको समेत संरक्षण गर्ने काम सरकारले गरेको जानकारी गराउँदै आचार्यले अर्घाखाँचीका सम्पदाहरुको संरक्षणमा सरकारले कुनै कसुर बाँकी नराख्ने बताए।

भविष्यमा बृहत्तर गुरुयोजना निर्माण गरेर मथुराको समुचित विकास गरिने योजना रहेको उनले उल्लेख गरे। भक्तजनको अभिलाषा र चाहना अनुसार प्रदेश सरकारले धार्मिक स्थलको विकासलाई प्राथमिकता दिने बताउँदै उनले आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन समेत सरकारले विशेष ध्यान दिने स्पष्ट पारे।

# मधेश साहित्य महोत्सवमा मधेश आन्दोलनबारे मन्थन



**वीरगन्ज/मस**-वीरगन्जमा आयोजना भएको मधेश साहित्य महोत्सवमा मधेश आन्दोलनबारे चर्चा भएको छ। शुक्रबार र शनिबार गरी २ दिनसम्म चलेको महोत्सवको अन्तिम दिन शनिबार 'समथर मधेश संघर्षका नागबेली' विषयक छलफलमा मधेश आन्लोलनबारे मन्थन गरिएको हो।

चर्चामा सहभागी वक्ताहरूले मधेशमा ३ पटकसम्म भएको मधेश आन्दोलनले मधेशीलाई पहिचान र सम्मान दिलाउन केही हदसम्म सफल भएपनि आन्दोलनबाट प्राप्त उपलब्धिहरूको लाभ मधेशीकेन्द्रित दलका नेताहरूले मात्र लिएको टिप्पणी गरे।

मधेश आन्दोलनका एजेन्डामध्ये मधेशीको पहिचान र सम्मान प्रमुख भएको उल्लेख गर्दै उनीहरूले मधेश आन्दोलनले त्यो दिलाउन सफल भएको बताए। तर आन्दोलनबाट प्राप्त अन्य उपलब्धिहरूको लाभ लिनबाट मधेशी जनता वञ्चित भएको उनीहरूको भनाइ थियो।

पूर्वराजदूत विजयकान्त कर्णले मधेश आन्दोलन समानताको आन्दोलन भएको बताए। 'मधेशीले हामी पनि नेपाली नागरिक बराबरको नागरिक नै हौं भन्ने चिनाउनका लागि मधेश आन्दोलन गरेका थिए। जुन अहिले केही हदसम्म सफल भएको छ। तर मधेशीमाथिको विभेद पूर्ण रूपमा भने अझै अन्त्य हुनसकेको छैन', उनले भने। आन्दोलनबाट प्राप्त अन्य उपलब्धिहरूको लाभ नेताले मात्रै लिइरहेको उनको टिप्पणी थियो। मधेश आन्दोलन गरेका मधेशी जनता अहिले ठगिएको कर्णले बताए। मधेश आन्दोलनले लोकतन्त्र र गणतन्त्रलाई पनि बलियो बनाएको धारणा उनले राखे। सत्ताको मोह र आकर्षणमा मधेशका नेताहरू परेका कारण मधेश आन्दोलनका मुद्दा र आन्दोलनबाट प्राप्त उपलब्धिहरू स्थापित हुन नसकेको उनको भनाइ छ।

मधेशी नेताहरूका सत्ताप्रतिको आकर्षणकै कारणले मधेश आन्दोलनका कतिपय मुद्दाहरू अहिलेसम्म पनि सम्बोधन हुन नसकेको उनले बताए। विश्लेषक तुलानारायण साहले मधेश आन्दोलनका प्रमुख मुद्दाहरू पहिचान, सम्मान, संघीयता र समावेशी प्रतिनिधित्व रहेकोमा ती मुद्दाहरू केही हदसम्म सम्बोधन भएको बताए। मधेशका दलित अधिकारकर्मी भोला पासवानले पनि मधेश आन्दोलनबाट प्राप्त उपलब्धिको लाभ मधेशी दलका नेताहरूले मात्रै लिइरहेको बताए।

अर्थशास्त्री राकेश मिश्रले मधेशमा मधेशी जनताले आजसम्म गरेका कुनै पनि राजनीतिक आन्दोलन वा विद्रोहलाई काठमाडौंको शासन सत्ताले नेपाली जनताकै हो भनेर स्वीकार नगरेको जिकिर गरे।

# राजतन्त्र ल्याउने ठाउँ छैन : भट्टराई



**काठमाडौं/मस**-पूर्वप्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा. बाबुराम भट्टराईले देशमा राजतन्त्र ल्याउने ठाउँ नभएको बताएका छन्।

शनिबार पार्टीले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै भट्टराईले राष्ट्रपति प्रणालीगत र शासकीय सुधार, निर्वाचन प्रणालीमा सुधार गर्न सकिने तर राजा आउने कुरा भ्रम भएको बताए।

उनले राजतन्त्र ल्याउने ठाउँ नै नभएको बताउँदै धेरै जनाले नबुझी राजतन्त्र आउँछ भने पनि त्यो सम्भव नभएको जनाए।

अहिलेको सापेक्षतालाई हेर्ने हो भने प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखमै जानु उपयुक्त हुने भट्टराईको तर्क छ। एउटा कसैले चाहँदैमा राजा नआउने र राजा ल्याउनका लागि हरेक दलभित्र बहस हुनुपर्ने उनको भनाइ छ।

# पोर्चुगलमा बिस्का जात्रा मनाइँदै




**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २३ चैत

पोर्चुगलमा रहेका नेवार समुदायले ऐतिहासिक तथा सांस्कृतिक महत्वको पर्व बिस्का (बिस्केट) जात्रा नखः मनाउने भएका छन्। नेवाः खल पोर्चुगलको आयोजनामा यही अप्रिल १५ तारिख मंगलबारका दिन राजधानी लिस्बनमा बिस्का जात्रा मनाउन लागिएको हो।

खलले लिस्बनको आरोइसस्थित ग्रिल एण्ड चिल रेस्टुरेन्टको हलमा नयाँ वर्ष २०८२ को शुभकामना आदानप्रदानसहित भव्यताका साथ जात्रा (नखः) मनाउने भएको हो।

नेवारी रीतिरिवाज, भाषा, धर्म संस्कृति, परम्परा र पहिचानको सम्बर्द्धन, प्रवर्द्धन र जगेर्ना गर्ने उद्देश्य अनुरुप विदेशी भूमिमा समेत बिस्का जात्रा मनाउन लागिएको खलका संयोजक अमृतरत्न शाक्यले जानकारी दिए।

नेवारी कला र संस्कृतिको माध्यममार्फत पोर्चुगलमा छरिएर रहेका नेवार समुदायलाई एकत्रित गर्न, आपसी मेलमिलाप, सहकार्य र भाइचारालाई थप प्रगाढ बनाउन जात्राको आयोजना गरिएको शाक्यले बताए।

कार्यक्रममा नेवारी धर्म र परम्परा अनुसार भैरवको विशेष पूजाआराधाना गरिनेछ भने नेवारी संस्कार अनुसारको समयबजी, टीकाटाला, ध्वजा र सगुन ग्रहण तथा शुभकामना आदानप्रदानको कार्यक्रम तय भएको खलले जनाएको छ। सो अवसरमा नेपाली तथा नेवारी खानाका परिकारका साथमा नेवारी कला र संस्कृति झल्कने खालका साँस्कृतिक झलकहरु समेत प्रस्तुत हुने बताइएको छ। कार्यक्रममा सहभागी हुन पोर्चुगलबासी नेवार समुदायलाई खलले विशेष आग्रहसमेत गरेको छ।

# पाथीभरामा एकैदिन सात हजार बढी दर्शनार्थी



**ताप्लेजुङ/मस**- प्रसिद्ध धार्मिकस्थल पाथीभरा मन्दिरमा शनिबार एकैदिन सात हजारभन्दा बढी दर्शनार्थी पुगेका छन्। दशैं, तिहारपछि एकैदिन यति ठूलो संख्यामा भक्तजनको उपस्थिति पहिलोपटक देखिएको हो। पाथीभरा क्षेत्र विकास समितिका अनुसार शनिबार सात हजार १४६ जना दर्शनार्थी पाथीभरामा पुगेका छन्। समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङका अनुसार दशैं, तिहारपछि पहिलोपटक सात हजार बढी भक्तजन यहाँ पुगेको यो पहिलोपछक हो।

तीन हजार ७९४ मिटरको उचाइमा अवस्थित पाथीभरामा चिसो मौसममा बर्सेनी भक्तजनको आगमन घट्ने गरेको निर्देशक हाङबाङले बताए। यो वर्ष चिसोसँगै केबलकार निर्माणका क्रममा देखिएको विवाद, बन्दलगायत कारणले अघिल्लो वर्षको तुलनामा भक्तजनको आगमन केही घटेको उहाँको भनाइ छ।

हाल पाथीभरा आउनजान केबलकार निर्माणको विषयले कुनै असर नगर्ने बताउँदै उक्त विषयलाई लिएर अन्योलमा नपर्न हाङबाङले भक्तजन तथा पर्यटकलाई आग्रह गरे।

यसैबीच, पाथीभरा क्षेत्रमा सिजनमा भक्तजनको घुइँचो बढी हुने भएकाले कुनै समस्या भएमा मन्दिर क्षेत्र विकास समिति वा पाथीभरा क्षेत्रमा रहेका सुरक्षा निकायसँग सम्पर्क र समन्वय गर्न समितिले सबैलाई अनुरोध गरेको छ।

# हिमपहिरोमा हराएका चिनियाँ पर्यटकको शव भेटियो



**कास्की/मस**-पदयात्राका क्रममा कास्कीको अन्नपूर्ण गाउँपालिका-११ देउरालीस्थित चुमरुङमा हिमपहिरोमा परी बेपत्ता भएका २८ वर्षीय चिनियाँ नागरिक ई-चेङ युआनको १३ दिनपछि शनिबार शव फेला परेको छ।

सशस्त्र प्रहरी बल कालिका गण पोखराको विशेष विपद् उद्धार टोलीले आज बिहान देउराली चुमरुङस्थित मोदी नदी किनारबाट २० मिटर उत्तरतर्फ उनको शव फेला पारेको कालिका गणका गणपति प्रहरी उपरीक्षक सूर्यप्रसाद तिमिल्सिनाले जानकारी दिए।

अन्नपूर्ण आधार शिविर(एविसी) को पदयात्रा सकेर घान्द्रुकतर्फ फर्कने क्रममा पर्यटक बेपत्ता भएपछि उनको खोजीमा प्रहरी टोली खटिएको थियो। प्रहरी उपरीक्षक तिमिल्सिनाका अनुसार उनको शव पोखरा ल्याउने तयारी भइरहेको छ।

यही चैत ११ गते दिउँसो साढे १२ बजे कास्कीको अन्नपूर्ण गाउँपालिका-११ देउरालीस्थित चुमरुङमा हिमपहिरो गएको थियो। बेसक्याम्पबाट फर्कका भारतीय पर्यटकले देउरालीमा गएको हिमपहिरामा एक जना पुरिएको सूचना प्रहरीलाई दिएका थिए।

पर्यटक हराएपछि स्थानीय बासिन्दा र नेपाल प्रहरीको टोलीले खोजी गर्दा फेला नपारेपछि कालिका गणबाट सशस्त्र प्रहरी निरीक्षक विश्वराज त्रिपाठीको कमाण्डमा यही चैत १६ गतदेखि प्रहरी टोली खटिएको थियो।


## युएईमा रोजगार

कम्पनी: DVN TECHNICAL SERVICES शहर: UAE
पुर्व स्वीकृत मिति: २०८१/१२/२२ चलानी नं.: ६०२३५६८७ L.T. No.: 321579

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Tile Layer | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | labour | 10 | 0 | | 1000 | ३७,०५० | | | | | | | |
| 3. | Tile Layer | 10 | 0 | | 1400 | ५१,८७० | | | | | | | |

कम्पनी: YAQOOT ELUYOON SECURITY SERVICES L.L.C शहर: UAE
पुर्व स्वीकृत मिति: २०८१/१२/२२ चलानी नं.: ६०२३५६८६ L.T. No.: 321316

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 10 | 0 | | 1200 | ४४,४६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ चैत ३१ गते (13 April 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Gov. Lic. No. 1586/079/80
HIMALAYAN GORKHA HR SOLUTION PVT LTD
Pulchowk, Lalitpur, Nepal | Ph. No.: 01-5915660
Mobile: 9869009640 | 9849913982 | 9810274885 | 9851168772 | 9767301551
E-mail: himalayangorkhahr15@gmail.com | Website: www.himalayangorkhahr.com.np

# क्यानभासमा झल्किए महिलाका कला

**काठमाडौं/मस-** बबरमहलस्थित नेपाल कला परिषद्मा ५ महिला कलाकारले संयुक्त कला प्रदर्शनी सुरु गरेका छन्। 'टुगेदरनेस' शीर्षकमा सुरु भएको प्रदर्शनीमा अवलोकनकर्ताले कलाकृतिको प्रशंसा गरेका छन्।


प्रदर्शनीमा कृति शाह चन्द, कीपा राणा, पूजा अग्रवाल, सन्ध्यासिंह महर्जन र सगुन शाह सिंहका सृजना राखिएका छन्। प्रदर्शनी आइतबारसम्म चल्ने छ।

कलाकार कृति शाह चन्दले आफूले 'आरोहअवरोह' शीर्षकको अमूर्त कलामा मानवीय जीवनका उतारचढावलाई क्यानभासमा उतारेको बताइन्। 'मान्छेको जीवनमा सुख, दुःखसहितका उतारचढाव आइरहन्छन्, त्यसलाई आत्मसात् गर्दै अघि बढ्नुपर्छ भन्ने सन्देश कलामार्फत प्रस्तुत गर्ने प्रयास गरेकी हुँ', उनले भनिन्।

आफूले जीवनमा भोगेका विभिन्न परिस्थितिलाई कुचीमार्फत क्यानभासमा उतारेको उनले सुनाइन्। चन्दका पारसमणि, अटुमन लभ, शान्तिको प्रतीक स्वयम्भूनाथलगातका कला प्रदर्शनीमा राखिएको छ।

कलाकार कीपा राणाले दैवी शक्तिको सशक्त धारलाई क्यानभासमा उतारेकी छन्। 'म शिवजीको भक्त हुँ, उहाँका सबै स्वरूपहरू चित्ताकर्षक लाग्छन्, त्यही समर्पण भावलाई कलामा समेट्ने प्रयास गरेकी हुँ', राणाको भनाइ छ।

पौभा कलालाई मूलधारमा समेट्दै अघि बढेकी कलाकार सन्ध्यासिंह महर्जनका कलाले पनि धेरैको मन तानेको छ। नेपाली कलाको धरोहर मानिने लोककला विधाको पौभामा उनका कृति उत्कृष्ट देखिएका छन्। उनले भनिन्, 'सहस्र भुजा लोकेश्वरको पौभा बनाउन साढे २ वर्ष लाग्यो, महाकालको पौभा कला बनाउन २ वर्ष लाग्यो।' उनको 'न्युड आर्ट' पनि धेरै अवलोकनकर्ताले रुचिपूर्वक हेरेका थिए।



कलाकार पूजा अग्रवालले आफूले यथार्थ र भ्रमको परिकल्पनाका आधारमा कला सिर्जना गरेको बताइन्। 'वास्तविक जीवनमा हामीले भगवान्को स्वरूप देखेका छैनौं।' सानो छँदा आमाले सही र गलतबीचको फरक फूलको बिरुवाको उदारहण दिँदै उनले भनिन्, 'त्यसैलाई कल्पना गर्दै क्यानभासमा उतारेकी हुँ।'

कलाकार सगुन शाह सिंहका कलामा भगवान् गणेशका अनेक भावहरू समेटिएका छन्। मनमोहक गणेश, सौम्य गणेश, रंगीन स्वभावका गणेशका चित्र र चरित्रहरू क्यानभासमा उतारिएको उनको भनाइ छ। उनले 'सानैदेखि म गणेश भगवान्को व्रत बस्थें, गणेश भगवान्प्रतिको लगाव नै चित्रहरूमा कुँदिएका छन्।'

ललितकला गुठीको आयोजनामा सुरु भएको प्रदर्शनीले महिला कलाकारको सामूहिकता र कलाको निखारता दुवैलाई एकसाथ समेटेको गुठीका संस्थापक उत्तम डंगोलले बताए।

वरिष्ठ कलाकार शशीविक्रम शाह नारी शक्ति पुरुष शक्तिभन्दा सशक्त रहेको टिप्पणी गर्छन्। महिलाको संयुक्त प्रयासले समाजमा कलामार्फत गहन प्रभाव पारेको उनको भनाइ छ।

वरिष्ठ साहित्यकार पद्मावती सिंहले सबै महिला कलाकारको संयुक्त प्रयासले कला पारखीको मन छुन सफल भएको बताइन्। प्रदर्शनीका क्युरेटर स्मृति कर्माचार्यले महिलालाई कला क्षेत्रमा अघि बढाउनका लागि यसले सहयोग गरेको बताइन्।

# 'जन्ते बाख्रो' ९ जेठमा प्रदर्शन हुने



**काठमाडौं/मस-** चलचित्र 'जन्ते बाख्रो'को पहिलो गीत 'घामै राजा' सार्वजनिक भएको छ। गीतमा संगीतकार बाबुल गिरीको शब्द रचना, संगीत र स्वर छ। प्रेमिल गीतको भिडियोमा फिल्मका मुख्य कलाकार सौगात मल्ल र गरिमा शर्मा रोमान्टिक अवतारमा देखिएका छन्।

निर्माता सन्तोष गौतमले फिल्म २ साताअघि सार्दै आगामी वर्ष ९ जेठमा चलचित्र प्रदर्शन हुने जानकारी दिए। यसअघि फिल्म २३ जेठमा प्रदर्शन हुने बताइएको थियो।

निर्माता गौतमले फिल्मका मुख्य अभिनेता सौगात मल्लको अर्को फिल्म 'भाइरल गोर्खे' १ साताको फरकमा प्रदर्शन हुने भएकाले समय अन्तरका लागि २ हप्ता प्रि-पोन्ड गरेको बताए। उनले 'जन्ते बाख्रो'को नेपाल र विदेशमा एकै दिन प्रदर्शन गर्ने तयारी रहेको पनि जानकारी दिए।

फिल्ममा सौगात मल्ल, आसिफ शाह, गरिमा शर्मा, रमा थपलिया, लोकेन्द्र लेखक, कमल देवकोटा, विशाल पहाडी, रुशा न्यौपाने, कुसुम शर्मा, स्नेहा जोशी, समापिका गौतम, कुशल गजमेरलगायत कलाकारको अभिनय छ।

फिल्मका निर्देशक सिमोस सुनुवार हुन्। मुइन इन्टरटेनमेन्टको प्रस्तुति रहेको फिल्म सामाजिक कथामा कमेडी शैली प्रस्तुत गरिएको छ। फिल्ममा प्रदीप भारद्वाजको कथा, पटकथा र संवाद लेखन छ। फिल्मका निर्माता सन्तोष गौतम हुन्।

हरि हुमागाईंको डीओपी, उत्तम हुमागाईंको सिनेमाटोग्राफी रहेको फिल्म सुनिल शिवभक्तिको सम्पादन र रोयल भीमसेन (ट्राइडेन्ट कन्सेप्ट टिम)को पोस्टर डिजाइनमा बनेको छ।

# चलचित्र 'जलाकी' बन्ने



**काठमाडौं/मस-** चलचित्र 'खुस्मा' निर्माण टिमले नयाँ चलचित्र निर्माणको घोषणा गरेको छ। अशोक थापा मगरले निर्देशन गर्ने चलचित्रको नाम 'जलाकी' रहेको छ।

टाइटल मोसन पोस्टर सार्वजनिक गर्दै निर्माण टिमले चलचित्रको शुभमुहूर्त गरेको छ। सिनेमाको छायांकन बागलुङको कालिका भगवती मन्दिरबाट सुरु भएको छ।

त्रिकोणात्मक प्रेम कथामा आधारित 'शाम्बाला' फेम्ड अभिनेता सोनाम तोप्देन, उपासनासिंह ठकुरी, अस्तित्व भट्टचन र आकृति राजभण्डारीको मुख्य भूमिका छ। 'जलाकी' आकृति राजभण्डारीको डेब्यु चलचित्र हो।

कसैको सम्झना र मायाको प्रतीकका रूपमा मानिने 'जलाकी'ले मगर समुदायको आस्थाको प्रतीक ढुंगाले चिनेको स्तम्भलाई बुझाउँछ।

चलचित्रको छायांकन ३ चरणमा हुने निर्देशक अशोक थापा मगरले बताए। रुकुम, म्याग्दी, बाग्लुङ, पोखराका विभिन्न भूभाग र दक्षिण कोरियामा समेत छायांकन गरिने छ। चलचित्रले मगर र गुरुङ समुदायको संस्कृति झल्काउने छ।

निर्मातामा ओम घर्तीमगर, वीरबहादुर लामा, चन्द्रबहादुर भट्टचन, बेताने मगर, मानबहादुर धनाह मगर र सुस्मिता बुढाथोकी छन्।

चलचित्रमा माओत्से गुरुङ, बुद्धि तामाङ, संगीता थापा मगर, राजु रेग्मी मगर, खड्कबहादुर पुन (खबपु)लगायत कलाकारको पनि अभिनय रहने छ।




## गीताले ल्याइन् 'नवलपुरे कान्छी'

**काठमाडौं/मस-** लोकप्रिय लोकदोहोरी गायिका गीता भट्टराईको नयाँ गीत 'नवलपुरे कान्छी' भिडियोसहित सार्वजनिक भएको छ।

सरोज विरही कार्कीको शब्द, गीता भट्टराई र सरोज विरहीको स्वर रहेको गीतको भिडियोमा बिना राउत, सागर विश्वकर्मालगायतको अभिनय छ।

रोमान्टिम शैलीको दोहोरी गीतको भिडियोमा सन्तोष तिमल्सिनाको छायांकन, मिक्सिङ र मास्टरिङ मनोज परियार, कोरियोग्राफी राजाराम सिंखडा र निर्देशन मिलन श्रेष्ठको छ।

**Sidingba Rural Municipality**

**Office of the Rural Municipal Excecutive**

**Sablakhu, Taplejung**

**Koshi province, Nepal**

## Invitation for Online Bids

**Date of publication: 06-04-2025**

**Contract No: SRM/TPJ/NCB/Works/MB/081/082-03**

1. The Sidingba Rural Municipality has allocated funds towards the cost of Suwakhola Motarable Bridge and intends to apply part of the funds to cover eligible payments under the Contract for Suwakhola Motarable Bridge (Contract No: SRM/TPJ/NCB/Works/MB/081/082-03). Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2. Sidingwa Rural Municipality ,Taplejung invites electronic bids from eligible bidders for the construction of Bailey Bridge on SuwaKhola as per design (work include:construction of Baily bridge all complete,river training work,approach road maintaining work,gabion work etc..) under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 57505000
   Minimum Work experience of similar size and nature: Participation as Prime contractor, management contractor,Or subcontractor within the last ten (10) years, each(at least one contract) with a value of at least NRs 30669000 that have been successfully or are substantially completed and that are similarmto the proposed works.The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as described
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information of Bidding Documents at the office of Sidingwa Rural Municipality ,Taplejung, Sablakhu, Taplejung, Koshi Pradesh, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Eligible Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document payment of a non-refundable fee of NRs. 5000.0 and should purchase bid till 05-05-2025 17:00 during office hours.
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : **Laxmi Sunrise Bank Ltd.**
   **Name of the Office** : **Sidingwa Rural Municipality, Taplejung**
   **Office Account no** : **09303000021**
   **Rajaswa (revenue) Shirshak** :
6. Pre-bid meeting shall not be held.
7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 06-05-2025 12:00. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 06-05-2025 13:00 hours at the office of Sidingwa Rural Municipality ,Taplejung Sablakhu, Taplejung,Koshi Pradesh, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 1000000 which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



## टी- २० सिरिज खेल्ने टोली घोषणा

**काठमाडौं/मस-** हङकङमा हुने चारदेशीय अन्तर्राष्ट्रिय टी ट्वेन्टी सिरिजका लागि नेपाल क्रिकेट संघ (क्यान) ले नेपाली क्रिकेट टोली घोषणा गरेको छ। हङकङमा अप्रिल ९ देखि १३ सम्म सञ्चालन हुने सिरिजका लागि क्यानले रोहित पौडेलको कप्तानीमा १४ सदस्यीय नेपाली टोलीको घोषणा गरेको हो।

नेपालले पहिलो खेल अप्रिल ९ मा कतारविरुद्ध खेल्ने छ। यस्तै, अप्रिल १० मा कुवेत र अप्रिल १२ मा हङकङसँग खेल्नेछ। अप्रिल १३ मा फाइनल हुनेछ।

टोलीमा लोकेश बम, बसिर अहमद, नन्दन यादव र शाहव आलम पनि समेटिएका छन्।

# खेलाडी उत्पादन गर्ने लक्ष्यसहित एलिट भलिबल कप हुँदै

**पोखरा/मस-** पोखरामा प्रमथ एलिट भलिबल कप हुँदै छ। २९ चैतदेखि प्रतियोगिता हुन लागेको आयोजक एलिट भलिबल एकेडेमी पोखराले जनाएको छ। प्रतियोगिता १ बैशासम्म चल्ने छ। प्रतियोगितामा महिला तथा पुरुष खेलाडी सहभागी हुनेछन्।

एकेडेमीले शनिबार पत्रकार सम्मेलन गर्दै प्रतियोगिताबारे जानकारी दिएको छ। पोखरा-३ नदीपुरस्थित एकेडेमीमै हुने प्रतियोगिताबाट खेलाडी उत्पादनमा टेवा पुग्ने राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान एवम् एकेडेमीकी प्रशिक्षक अरुणा शाहीले बताइन्।

प्रतियोगिता संयोजकसमेत रहेकी उनले प्रतियोगिताबाट बचत रकम महिला खेलाडी उत्पादनमा खर्चिने उल्लेख गरिन्।

'प्रतियोगिताबाट आएका उत्कृष्ट खेलाडीलाई पठनपाठनमा छात्रवृत्तिसँगै निःशुल्क प्रशिक्षण गराउनेछौं। त्यसले भविष्यमा खेलाडी उत्पादनमा टेवा पुग्ने हाम्रो विश्वास छ', उनले भनिन्।

एकेडेमीले उत्कृष्ट दुई महिला खेलाडीलाई पठनपाठनसँगै निःशुल्क प्रशिक्षण गराउनेछ।

प्रतियोगितामा पुरुषतर्फको विजेताले १ लाख र उपविजेताले ५० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछन्। महिलातर्फ विजेतालाई ५० हजार र उपविजेतालाई २५ हजार प्रदान गरिने आयोजकले जनाएको छ।

प्रतियोगितामा सर्वोत्कृष्ट पुरुष खेलाडीले ५ हजार र सर्वोत्कृष्ट महिला खेलाडीले ३ हजार प्राप्त गर्नेछन्। विधागततर्फ उत्कृष्ट हुने पुरुष खेलाडीलाई समान २ हजार र महिलातर्फ समान १ हजार ५०० रुपैयाँ प्रदान गरिनेछ। पुरुषतर्फ दर्ता शुल्क ६ हजार ५०० र महिलातर्फ ३ हजार ५०० तोकिएको छ।

दुवैतर्फ टीममा सातौं, आठौं र नवौं राष्ट्रिय खेलकुद र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएका बढीमा २ जना खेलाडी समावेश गर्न पाइने प्रतियोगिता संयोजक शाहीले बताइन्।

हालसम्म पुरुषतर्फ ९ र महिलातर्फ ७ टोलीले नाम दर्ता गराएको खेल संयोजक तथा एकेडेमीका प्रशिक्षक मलिन रोकाले जानकारी दिए। टीम दर्ता गर्न २७ चैतसम्मको समय दिइएको छ। खेल हेर्न प्यारापिट बनाइएको छ, जसको क्षमता १ हजार २०० देखि १ हजार ५०० सम्मको रहेको रोकाले बताए।

कप्तान शाहीसहित ३ जना मिलेर नदीपुरमा एलिट भलिबल एकेडेमी सञ्चालन गरेका छन्। उनीहरूले महिला खेलाडीहरुलाई नियमित प्रशिक्षण गराउँदै आएका छन्।

विशेष गरी महिला भलिबल खेलाडी उत्पादन गर्ने लक्ष्य एकेडेमीको रहेको शाही बताउँछिन्। उनी भन्छिन्, 'पुरुषभन्दा पनि महिला खेलाडी उत्पादन गर्नु हाम्रो एकेडेमीको लक्ष्य हो। कसरी हुन्छ, पहिलाको जुन साख छ पोखराको, त्यसलाई उजागर गर्ने हाम्रो उद्देश्य हो।'




## एरिकाले जितिन् अस्ट्रेलियन ओपन करातेमा स्वर्ण

**काठमाडौं/मस-** अस्ट्रेलियन ओपन कराते प्रतियोगितामा अस्ट्रेलियन प्रतिद्वन्द्वीलाई फराकिलो अन्तरले पराजित गर्दै नेपालकी एरिका गुरुङले स्वर्ण पदक हात पारेकी छन्।

६८ किलो समूहको फाइनलमा अस्ट्रेलियन प्रतिद्वन्द्वीलाई ५-० को फराकिलो अन्तरले हराउँदै उनले स्वर्ण हात पारेकी हुन्। नेपालबाट सहभागी अन्य ४ खेलाडी सन्तोस श्रेष्ठ, सविना श्रेष्ठ, पुष्पका लामा र वर्षा बुढामगरले भने कास्य पदक जितेका छन्।

टिमका प्रशिक्षक कुशल श्रेष्ठले सबै खेलाडीले उत्कृष्ट प्रर्दशन गरेकोमा खुसी व्यक्त गरे। यस्तै, अर्का प्रशिक्षक मन्डेकाजी श्रेष्ठले एरिकाको प्रर्दशनी उच्च रहेको र अन्य खेलाडीको पनि स्वर्ण आशा गरियता पनि उनीहरू लगातारको खेलमा कडा प्रतीद्वन्द्वीको सामना गर्नु पर्दा कास्यमा सीमित भएको बताए।

एसियन गेम्समा रजत पदक विजेता एरिकाले अस्ट्रेलियन ओपन जित्नु आफ्नो लागि महत्त्वपूर्ण उपलब्धि रहेको बताइन्।



## ब्राजिलियन फुटबलर रोबर्टो नेपाल आउने



**काठमाडौं/मस-** नेपाल सुपर लिग (एनएसएल) २०२५ को अवसरमा फिफा विश्वकप विजेता ब्राजिलियन फुटबलर रोबर्टो कार्लोस नेपाल आउने भएका छन्।

एनएसएलका आयोजक नेपाल स्पोर्ट्स एण्ड इभेन्ट म्यानेज्मेन्ट (एनएसइएम) ले शनिबार कार्लोस नेपाल आउने घोषणा गरेको हो।

रोबर्टव कार्लोसको सन्देशसहितको भिडियो दशरथ रंगशालाको ठूलो स्कृनमा सार्वजनिक गरिएको थियो।

फ्रिकिकमा लागि चर्चित रोबर्टो कार्लोस विश्वकै उत्कृष्ट डिफेण्डरमध्ये एक हुन्। ५१ वर्षिय कार्लोसले सन् १९९२ देखि २००६ सम्म ब्राजिलका लागि खेलेका थिए।

उनले सन् २००२ को विश्वकप जितेका थिए। उनले क्लब करियरको लामो समयम स्पानिस जायन्ट रियल मड्रिडबाट खेलेका थिए। ब्राजिलका लागि उनले १२५ खेल खेल्दै १० गोल गरेका छन्।

## मिल्स कप इण्डो-नेपाल टी-२० मा भारतीय टोली पराजित



**विराटनगर/मस-**चौथो मिल्स कप इण्डो-नेपाल टी-२० क्रिकेट प्रतियोगिताको उद्घाटन खेलमा घरेलु टोली होराइजन क्रिकेट क्लबले पाहुना टोली भारतको प्रशान्त क्रिकेट क्लब (जोगवनी) लाई १०७ रनको विशाल अन्तरले पराजित गरेको छ।

मिल्स क्रिकेट कल्ब एण्ड एकाडेमी विराटनगरको आयोजनामा शनिबारदेखि सुरु भएको प्रतियोगितामा टस जितेर पहिलो ब्याटिङ गर्ने गरेको होराइजनले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै २ सय १९ रनको विशाल योगफल खडा बनाएको थियो। टोलीका अलराउन्डर मीनाश थापाले ४० बल सामना गर्दै सर्वाधिक ५२ रन जोडे। अभिषेक कार्कीले १५ बलमा ४६, फिरदोस अन्सारीले ४१ रन र अटल साहले ३२ रनको महत्वपूर्ण योगदान दिए।

जवाफमा २ सय २० रनको लक्ष्य पछ्याउने क्रममा भारतीय टोलीले १४ दशमलव १ ओभरमा अलआउट हुँदै १ सय १२ रनमा समेटियो। जसमा अमन राजले २८ रन र आदित्य राजले १७ रनबाहेक अन्य खेलाडीले दोहोरो अंक बनाउन सकेनन्। होराइजनका बलरहरूका सामु पाहुना टोलीका खेलाडी लगालग पेभेलियन फर्किए। राष्ट्रिय खेलाडी दिपेश कँडेलले ३ विकेट लिए।

अर्धसतकीय पारी खेलेका मीनास 'प्लेयर अफ द म्याच' भए। उनले ३ हजार १ सय नगद पुरस्कार पाए। आइतबारको पहिलो खेल दिल्ली युथ क्लब (भारत) र फार्मेन्स क्रिकेट एकेडेमी पटना तथा दोस्रो खेल सिराहा जिल्ला क्रिकेट क्लब र डिजायर क्रिकेट क्लब पूर्णिया, भारतबीच हुनेछ।

प्रतियोगिताका विजेताले २ लाख १ हजार तथा उपविजेताले १ लाख १ हजार पुरस्कार पाउने छन्। प्रदेश खेलकुद विकास बोर्डको संयोजनमा आयोजित प्रतियोगितामा भारतका ६ र डेढ दर्जन टोलीले भाग लिएका छन्। प्रतियोगिताका फाइनल आगामी चैत ३० गते हुनेछ।

# 'खेलकुदसम्बन्धी ठूला पूर्वाधार निर्माण जरुरी'



**पोखरा/मस-** संचार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले पर्यटन राजधानी पोखरामा खेलकुदको विकासका लागि पोखरामा ठूला पूर्वाधार निर्माण जरुरी रहेको बताएका छन्। मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजनामा पोखरामा शनिबारदेखि सुरु भएको केपी ओली कप' राष्ट्रिय खुला टी-२० पुरुष क्रिकेट प्रतियोगिताको शनिबार उद्घाटन गर्दै उनले पोखरा खेलकुदको केन्द्र बन्ने प्रशस्त सम्भावना रहेकाले पूर्वाधार निर्माणमा सरकारले प्राथमिकता दिने बताए। उनले पोखरा रंगशालाभित्रको क्रिकेट मैदानमा आवश्यक पूर्वाधार निर्माणका लागि आगामी आर्थिक वर्ष सरकारकोतर्फबाट बजेट व्यवस्था गर्नेसमेत प्रतिबद्धता जनाए। 'यस वर्ष क्रिकेट मैदानका लागि सक्दो बजेट विनियोजन हुन्छ, खेलकुद मन्त्रालयबाट प्रस्ताव आउला, त्यसमा मेरो जोड रहनेछ,' सञ्चारमन्त्री गुरुङले भने। पोखरामा क्रिकेट, फुटबल जस्ता खेलका लागि ठूला पूर्वाधार निर्माण आवश्यक रहेको उनको भनाइ थियो। उनले भने, ' पोखरा जस्तो सुन्दर ठाउँमा अन्तरराष्ट्रियस्तरका रंगशाला बनाउनु पर्दछ। कूटनीतिक कारणले खेल पूर्वाधार महत्वपूर्ण छ। केही देशका लागि पोखरा सन्तुलित स्थान समेत बन्न सक्छ।'

उनले प्रतियोगितामा भाग लिन आउने खेलाडी, क्लब, प्रशिक्षक, रेफ्रीलाई शुभकामना व्यक्त गर्दै प्रतियोगिताबाट उम्दा र क्षमतावान् खेलाडी उत्पादन हुने विश्वास व्यक्त गरे।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा पोखरा रंगशालास्थित क्रिकेट मैदानमा सुरु भएको प्रतियोगितामा कूल १६ टोलीको सहभागिता रहेको एकेडेमीका अध्यक्ष धुव्र आचार्यले जानकारी दिए। प्रतियोगिता आगामी वैशाख ५ गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले पाँच लाख रुपैयाँका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्।

यसैगरी प्रतियोगिताको उत्कृष्ट खेलाडीले ३० हजार, उत्कृष्ट बलर तथा उत्कृष्ट ब्याटरले जनही १० हजार र 'प्लेयर अफ द म्याच'ले पाँच हजार रुपैयाँ प्राप्त गर्ने एकेडेमीले जनाएको छ। एकेडेमीका संरक्षकसमेत रहेका प्रधानमन्त्री एवं नेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओलीका नाममा प्रतियोगिता हो।

## सोमबारदेखि सहिद स्मृति कराते

**ललितपुर/मस-** ललितपुरमा सोमबारदेखि सहिद सागर सिंह तथा ज्ञानबहादुर शाही स्मृति कराते प्रतियोगिता हुने भएको छ।

नेपाल सितोरियो कराते डो प्रयागपोखरी डोजोको आयोजनामा प्रतियोगिता हुन लागेको हो। प्रतियोगितामा करिब ६ सय खेलाडीको सहभागिता रहने प्रतियोगिता संयोजक गोपाल महर्जनले जानकारी दिए।

पुरुष/महिलामा एकल काता र कुमुतेमा समान ११/११ गरी २२ स्पर्धामा प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे र सिन्धुपाल्चोक जिल्लाबाट ३५ टोली सहभागी हुने आयोजक डोजोका प्रशिक्षक विकास महर्जनले जानकारी गराए।

**वारेसनामा बदर गर्न निवेदन पेस गरेको बारे**

मोरङ जिल्ला साविक सिसवनी गा.वि.स. वडा नं. ३ को परिवर्तित ऐ. बुढिगंगा गाँउपालिका वडा नं. ७ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ४ बस्ने वर्ष ७२ को हुलाई विश्वास र लिने काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ७ बस्ने वर्ष ५३ कि ननिता थापालाई विश्वास गरी' मेरो उपर भविश्यमा परि आउने वा' मैले अरु कोही कसैका विरुद्ध दायर गर्नुपर्ने वा परिरहेका जुनसुकै मुद्दाको म्याद बुझी मुद्दा मामिलाहरूमा सम्बन्धित न्यायिक, अर्ध-न्यायिक निकाय एवं अड्डाहरूमा उपस्थित भई निवेदन दिई कागजातहरूको प्रमाणित प्रतिलिपीसमेत लिई मेरो तर्फबाट फिरादपत्र, पुनरवेदनपत्र रिट निवेदन, लिखित जवाफ मुद्दा दोहोऱ्याउने निवेदनलगायत मुद्दा मामिला गर्नुपर्ने कार्यहरू गर्नका लागि दिइएको श्री काठमाडौं जिल्ला अदालतबाट मिति २०८०/११/११ गतेका दिन भएको अधिकृत वारेसनामा बदर गरिपाउँ भनि निवेदन पेश गरेको जानकारी गराउँछु।

**हुलाई विश्वास,** हाल, का.म.न.पा. वडा नं. ४

**मलेसियामा रोजगार**
कम्पनी: EASYWAY SOLUTIONS SDN. BHD — शहर: JALAN
पूर्व स्वीकृत मितिः २०८१/१२/२२ — चलानी नं.: ६०२३५६६५ — LT. No.: 321561

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 90 | 0 | स. काममा दक्ष | 1700 | ५२,२०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ३१ देखि २०८२ बैशाख ५ गतेसम्म (13 to 18 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**SAMRAT HUMAN RESOURCES PVT. LTD.** License No: 1729/081/082
Dhumbarahi, Kathmandu- 4, Nepal, Ph No: 01- 4548013, 4548014, 9823073198, 9862340180, 9851044152 , Mail: info.samrathr@gmail.com, Web: www.samrathr.com

**युएई र साउदीमा रोजगार**
कम्पनी: AL DHAFRA IRRIGATION SYSTEMS - LLC — शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/१२/१८ — चलानी नं.: ६०२३५५२८ — L.T. No.:321291

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 100 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Garden Workers | 30 | 0 | | 800 | २९,६४० | | | | | | | |
| 3. | Horticulturist | 70 | 0 | | 800 | २९,६४० | | | | | | | |

कम्पनी: ASCENSION STEPS TRADING COMPANY — शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८१/१२/१६ — चलानी नं.: ६०२३५३९४ — L.T. No.:321278

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load And Unload Workers | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ३१ गते (13 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**R.P. International Consultancy P. Ltd**
श्रम इजाजत नं. ४८१/०६१/०६२
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gamil.com, Web.: www.rpinternational.com.np

**नव ललित बहुउद्देश्यीय सहकारी संस्था लि.**
कुमारीपाटी-२०, ललितपुर, ०१-५५३४७६३, ०१-५५३४०८०
Email: newlalit@hotmail.com


**सवारी साधन लिलाम बिक्री बारेको ३५ दिने सूचना**

यस संस्थाको नाममा रहेको निम्न लिखित विवरण भएको सवारी साधन बोल कबोल बढाबढको आधारमा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक खरिदकर्ताले यस कार्यालयमा यथासिघ्र सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| | |
|---|---|
| सवारीको किसिमः | हुण्डाइ कार, स्टार डस्ट कलर |
| मोडेलः | क्रेटा १.६ ग्यासोलिन, बनेको सालः २०१८ |
| सवारी साधन दर्ता नं.: | बा २१ च १८४५ |
| इन्जीन नं.: | G4FG1U547149 |
| च्यासिस नं.: | MALC381Cym508292*M |

शर्तहरुः
१. बोलपत्र फाराम केन्द्रिय कार्यालय तथा शाखा कार्यालयबाट उपलब्ध हुनेछ।
२. बोलपत्रमा आफुले कबोल अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम नव ललित बहुउद्देश्यीय सहकारी संस्थाको नाममा रहेको खातामा जम्मा गरेको भौचर सहित बोलपत्र पेश गर्नु पर्नेछ।
३. दर्ता गराउँदा लाग्ने कर दस्तुर सम्बन्धित व्यक्ति वा फर्म आफैले बुझाउनु पर्नेछ।
४. सबैभन्दा बढी अंक कबोल गरी दरभाउपत्र पेश गर्नेले लिलाम सकार गर्न पाउनेछ।
५. लिलाम हुने सवारी साधन हेर्नचाहने व्यक्तिले वा फर्मले यस सहकारी संस्था लिमिटेडको केन्द्रिय कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।
६. बोलपत्र सम्बन्धि अन्य शर्तहरु फाराममा उल्लेख भए बमोजिम हुनेछ।

गो.द.का.द.नं. ३३/०५९/०६०
२४ चैत २०८१ आइतबार
6 April 2025, Sunday



# 'पैंचोका उत्पादनमा ग्रामीण टिपिकल स्वाद पाइन्छ'

पछिल्लो समय नेपाली कम्पनीले उत्पादन गर्ने खाद्य वस्तुको बजारमा राम्रो उपस्थिति देखिन्छ। आयात गरेर ल्याउने खाद्य उत्पादन भन्दा स्वदेशमै बनेको उत्पादनप्रति उपभोक्ताको रुची बढदै गएको देखिन्छ। खाद्य उत्पादनमा 'मेड इन नेपाल'का उत्पादनहरूको बजारमा उपस्थिति बढदो छ। आयातित उत्पादनसँगसमेत नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न सक्षम छन। दुई दशकदेखि मार्केटिङ क्षेत्रमा काम गरेका पैंचो पसल प्रालिका बजार व्यवस्थापक प्रमुख **लक्ष्मण गैरे**सँग नेपाली उत्पादनको बजार अवस्था लगायतको विषयमा मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी।

■ **लक्ष्मण गैरे**, प्रमुख बजार व्यवस्थापक, पैंचो पसल प्रा.लि

**नेपालमा उत्पादन हुने कृषिजन्य उपभोग्य बस्तुको बजारको अवस्था कस्तो छ ?**

अहिले नेपालको पूर्वदेखि पश्चिमसम्मको बजारको अवस्था हेर्ने हो भने नेपाली कृषिजन्य उत्पादनको उपस्थिति बलियो बन्दै गएको छ। बजारमा नेपाली उत्पादन बढदा नेपाली वस्तुहरू प्रति आम भरोसा समेत बढ्दै गएको छ। अझ पछिल्लो समय नेपाली उत्पादनको माग विदेशमा समेत बढदै जाँदा नेपालमा उत्पादन हुने वस्तु अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्षम छन भन्ने सन्देश समेत गएको छ। नेपाली चाउचाउ, मह, अचार लगायतका खाद्य वस्तुको माग बढदो छ। कोभिडको समयमा नेपालमै उत्पादन हुने कृषि उत्पादनलाई बजारमा केही असर गरेपनि अहिले सहज हुँदै गएको छ नेपालीहरूको आम्दानी बढदै जाँदा बजार चलायमान भइरहेको छ। त्यसको प्रभाव नेपाली उत्पादनको खपतमा देखिएको छ।

**पछिल्लो समय बजारमा बिक्री कम छ भन्ने धेरै सुनिन्छ। अहिले बजारमा बिक्री वितरणको अवस्था कस्तो छ ?**

अहिले बजारमा बिक्री कम भएको भन्दा पनि उपभोक्ता छनोटमा गुणस्तरीय उत्पादनहरू पर्न थालेका छन। अहिले सस्तोभन्दा पनि गुणस्तरिय उत्पादनमा उपभोक्ताको जोड देखिन्छ। विगतमा बजारमा आएपछि किन्ने धेरै हुन्थ्यो तर अहिले उपभोक्ताले स्वाद र स्वास्थ्यका लागि लाभदायक वस्तुहरूको प्रयोगमा ध्यान दिने गरेका छन। यो राम्रो पनि हो। आम उपभोक्ताले खाने र उपभोग गर्ने हरेक वस्तुको आफै विष्लेषण गर्न सक्ने भएका छन। त्यसैले नराम्रो वस्तु बिक्री कम हुनु स्वभाविक नै हो तर गुणस्तरीय उत्पादनको माग बजारमा बढदो छ।

**एक दशकदेखि पैंचो कम्पनीसँग आवद्ध हुनुहुन्छ। पैंचोले आफनो उत्पादनलाई बजारसम्म कसरी पु-याउने काम गरेको छ ?**

पैंचो विषेशगरी ग्रामीण किसानलाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ स्थापना भएको लगानीकर्ता, कृषकदेखि बजार प्रतिनिधिकै लगानी मोडलको कम्पनी हो। गाउँघरका उत्पादनलाई पैंचोले स्वदेश तथा विदेशसम्म पुऱ्याइरहेको छ। 'बसेपनि शहर गाँउकै खाने रहर' भन्ने मान्यताको साथ पैंचोले गाउँमा उत्पादन हुने वस्तु मात्र बिक्रि वितरण गर्ने गरेको छ। यस्तै कृषकले उत्पादन गरेको उत्पादन ग्यारेन्टीका साथ कृषि उपज किन्ने कम्पनी समेत हो। ग्रामीण नेपाली किसानसँग जोडिएर कम्पनीले आफना हरेक उत्पादन गर्दै आइरहेको छ। जुन उत्पादनमा नेपालीपन समेत पाइन्छ। त्यसैले अहिले बजारमा पैंचोले आफनो उपस्थिति दर्बिलो बनाएको छ। पहाडमा बस्नु हुने किसानले उत्पादन गरेका कच्चा पदार्थबाट बनेको उत्पादनमा पाइने भिन्नै स्वादले समेत उपभोक्ताको रोजाईमा पैंचोको उत्पादन पर्ने गरेका छन। पैंचो नेपालको यस्तो कम्पनीले हो, जसले पहाडमा उत्पादन हुने वस्तु देशभरका शहर र विदेशसम्म समेत पुऱ्याउने काम गर्छ।

**पैंचोले उत्पादन गर्ने मुख्य उत्पादनहरू के-के छन ?**

नेपालको पहाडी र उच्चपहाडी क्षेत्रमा उत्पादन हुने कृषिजन्य वस्तुबाट नै पैचोले आफनो उत्पादन वस्तु बनाउने गरेको छ। अहिलेसम्म पैंचो ब्राण्डमा करिब १०० वटा खाद्य तथा पेय वस्तु प्रशोधन गरेर उत्पादन भइरहेको छ। पैंचोले कृषि उत्पादनलाई औद्योगिक प्रशोधनगरी विभिन्न स्वादका २० भन्दा धेरै थरीका अचार छन भने विभिन्न स्वादका जाम, केचप, सस, सोयासस, टोमेटो प्यूरी, टिमुर छोप, विभिन्न फलफूल र कागतीबाट बन्ने स्क्वास उत्पादन हुँदै आएको छ। परम्परागत खाद्यवस्तु कोदोको पीठो, सिन्की, मस्यौरा तथा पहाडको सिमी दाल र मकैको आटो (च्याँख्ला) बढी रुचाइएको उत्पादन हुन। हामीले पहाडमा फल्ने अधिकांश कृषि उपजलाई प्रसोधन गरेर उत्पादन गर्ने गरेका छौं।

**अन्त्यमा, पैंचोका उत्पादन बजारमा उपस्थिति कस्तो छ ?**

हाम्रा उत्पादनले स्वदेश र विदेशमा रहेका नेपाली उपभोक्ताको प्रमुख रोजाईमा नै पर्ने गरेको छ। पैंचोले नेपालको पहाडको मात्र उत्पादन प्रयोग गर्ने भएकाले स्वाद नै विषेश छ। पैंचोले उत्पादन गरेका वस्तु अहिले देशभर १० वटा आधिकारिक बिक्रेता, १२ वटा फ्रेन्चाइज शाखा र करिब १ सय डिलरबाट उत्पादन बिक्रि भइरहेको छ। अझै विदेशमा बस्ने नेपाली उपभोक्ताले मन पराइदिनु भएको काले अमेरिका, जापान, अष्ट्रेलिया, युएईसम्म पैंचोको स्वाद पुगेको छ। पैंचोका उत्पादनमा ग्रामीण टिपिकल स्वाद पाइने भएकाले उपभोक्तालाई अहिले आयातित समान भन्दा पैंचोले उत्पादन गर्ने

उत्पादन प्रति भरोसा बढदो छ।

# बाँसका सामग्री निर्माण सम्बन्धी अन्तर्राष्ट्रिय तालिमले प्रशिक्षार्थी उत्साहित

**मध्यान्ह संवाददाता**
काठमाडौं २३ चैत।

'बाँसले जीवन राम्रो बनाउँछ' भन्ने नाराका साथ सुरू भएको बाँसको तालिम उत्साहपूर्ण सहभागिताको साथ सम्पन्न भएको छ। ललितपुरको गोदावरी नगरपालिका वडा नम्बर ४ बडिखेलमा बाँसका सामग्री निर्माणसम्बन्धी सीप विकास तालिम १५ दिनसम्म चलेको थियो। चैत १३ गतेदेखि सञ्चालन भएको तालिममा गोदावरी नगरपालिकाका विभिन्न वडाबाट छानिएका २१ जना प्रशिक्षार्थी सहभागी भएका थिए।



तालिम समापन समारोहमा बोल्दै गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनले तालिम अन्तर्राष्ट्रिय स्तरको नयाँ र आधुनिक तालिम भएको स्थानीयको लागि ठुलो अवसर भएको बताए। उनले तालिममा सिकेको सिप अरूलाई सिकाउन प्रशिक्षार्थीलाई आग्रह गरे। तालिमले बाँसबाट लाभ दिन सकिन्छ भन्ने ठुलो सम्भावना देखाएको बताए। तालिमबाट स्थानीय र चीनबीचको सम्बन्धलाई समेत बिस्तार गरेको बताए। उनले तालिमबाट बजारको माग बढने र स्वदेशमा रोजगारी सृजना गर्न सहयोग पुगेको विश्वास व्यक्त गरे।

आयोजक संस्था सोशल डेभलपमेन्ट भिजन, ललितपुरका अध्यक्ष शिवकुमार बस्नेतले प्रक्षिक्षार्थीले १५ दिनको छोटो समयमा समेत राम्रो ज्ञान हासिल गरेकोमा खुसी व्यक्त गरे। यस्तै गोदावरी ४ का वडाध्यक्ष सानुभाई नगरकोटीले चीनबाट आएर सिकाएको तालिमबाट सिकेको कामलाई व्यवसायिक बनाउन आग्रह गरे। चोया काटने मोसिन, बाँसको बीउ चीनबाट ल्याए अझै स्थानीयले लाभ लिने सक्ने भएकोले यसमा थप सघाउन उनले आयोजकलाई आग्रह गरे। नेपाल-चाइना कैलाश कल्चर प्रमोशन डेभलपमेन्ट एसोसिएसनका अध्यक्ष रेञ्जिन नोर्बुले उच्चसहभागिताका साथ तालिम सम्पन्न भएकोमा सन्तोष व्यक्त गर्दै भविष्यमा पनि यस्तो सहकार्य जारी रहने प्रतिवद्धता जनाए। उनले नेपाल र चीनबीच जनस्तरमा रहेको सम्बन्धलाई यस्ता तालिमले थप मजबुद बनाउने धारणा व्यक्त गरे। बाँसका सामग्री निर्माणसम्बन्धी सीप विकासले जनताको आम्दानीमा वृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

तालिमले पहरी र नगरकोटी समुदायका व्यक्तिहरूको आम्दानीको स्रोत नै बाँस बन्ने अपेक्षा गरिएको छ। वडामै पहिलोपटक अन्तर्राष्ट्रिय स्तरको तालिम र प्रमाणपत्र प्राप्त गरेपछि तालिमले उत्साह थपेको प्रशिक्षार्थी दुर्गा पहरीले बताए। उनले 'बाँसले जीवन राम्रो बनाउँछ' भन्ने तालिम धैरै ज्ञान सिकेको बताए। उनले विगतमा सिकेको सीप भन्दा नयाँ सिक्न सफल भएको बताए। पुख्यौंली पेसा भन्दा फरक सिपलाई मेहनत गरेर सहि रूपमा सदुपयोग गर्ने र भविष्यमा अरू तालिमको लागि आग्रह गरे।

तालिमका प्रशिक्षार्थी र प्रशिक्षकलाई प्रमाणपत्र र सम्मानपत्रले सम्मान गरिएको थियो। सोशल डेभलपमेन्ट भिजन, ललितपुरको आयोजनामा सुरु भएको तालिमलाई चीनको सिजाङ (तिब्बत)मा मुख्यालय रहेको गुडविल फाउण्डेसन र काठमाडौंमा रहेको नेपाल-चाइना कैलाश कल्चर प्रमोशन डेभलपमेन्ट एसोसिएसनले सहयोग गरेका छन। स्थानीय साझेदारको रुपमा गोदावरी नगरपालिका र गोदावरी उद्योग वाणिज्य संघ, ग्रीन ब्याम्बो क्रियशनको सहकार्यमा तालिम संचालन भएको थियो।

# अन्तर्राष्ट्रिय 'फायर सेफटी एन्ड इलेक्ट्रोनिक सेक्युरिटी' सम्मेलन आजबाट

**काठमाडौं/मस-** नेपालमा आगलागी जोखिम न्यूनीकरण तथा विद्युतीय सुरक्षासम्बन्धी नवीनतम प्रविधिको प्रवर्द्धन गर्ने उदेश्यसहितको अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रदर्शनी आइतबारबाट सुरु हुँदै छ। एशिया प्यासिफिक सेक्युरिटी एसोसिएसन (आप्सा) नेपालले आयोजना गर्न लागेको 'फायर सेफ्टी एन्ड इलेक्ट्रोनिक सेक्युरिटी इन्टरनेशनल कन्फरेन्स २०२५' चैत्र २४ र २५ गते काठमाडौंमा हुन लागेको हो।




गृह मन्त्रालय, सहरी विकास मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, ७५३ वटै स्थानीय तहका प्रतिनिधिहरू, उद्योग क्षेत्रका अग्रणी व्यक्तित्वहरू तथा आगलागी र विद्युतीय सुरक्षाका विज्ञहरूको सहभागिता रहने आयोजकले जनाएको छ। सम्मेलनमा आगलागी न्यूनीकरण तथा विद्युतीय सुरक्षाका क्षेत्रमा विश्वभर भइरहेको नवीनतम प्रविधि, प्रवृत्ति र उत्कृष्ट अभ्यासहरू प्रस्तुत गरिनेछ। कार्यक्रममा चीन, हङकङ, इन्डोनेसिया, भारत, जापान, मकाउ, मलेसिया, फिलिपिन्स, सिंगापुर, दक्षिण कोरिया, श्रीलंका, थाइल्यान्ड र भियतनामसहित १४ राष्ट्रका विज्ञहरूले कार्यपत्र प्रस्तुत गर्ने बताइएको छ।

नेपालमा हरेक वर्ष आगलागीका घटनाबाट ठूलो जनधनको क्षति हुने क्रम नरोकिएकाले यस किसिमका कार्यक्रम अत्यन्तै आवश्यक रहेको आयोजकले जनाएको छ। सरकारी तथा स्थानीय तहले विभिन्न प्रयास गरे पनि समुदाय स्तरमा सचेतना अभिवृद्धि तथा प्रविधिमैत्री समाधानको खाँचो कायमै रहेको निष्कर्षसहित यो सम्मेलन आयोजना गरिएको हो।

# 'कर्पोरेट लिडर्स क्यारिकेचर २०२५' सम्पन्न

**काठमाडौं/मस-** निजी क्षेत्र र कलाकारलाई प्रोत्साहित गर्न नेपालमा पहिलो पटक आयोजित 'कर्पोरेट लिडर्स क्यारिकेचर २०२५' सम्पन्न भएको छ।



नेपालका उद्यागी व्यवसायीहरुसँगै कलाकारहरुलाई प्रवर्द्धन र प्रोत्साहित गर्ने उद्देश्यले नेपालमै पहिलो पटक आयोजित क्यारिकेचर आर्ट प्रदर्शनी सयौंले अवलोकन गरेका छन। क्यारिकेचर आर्ट कलाकार अकिन अधिकारी र रविन मिश्रले बनाएका हुन।

कर्पोरेट नेपालको बार्षिकोत्सव समारोहमा बिहीबार उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खडकाले चित्रकला प्रदर्शनको उदघाटन गरेका थिए।

पुल्चोकस्थित द प्लाजामा आयोजित उक्त कार्यक्रममा सहभागीहरुले अवलोकन गरेका थिए भने शुक्रबार र शनिबार बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा प्रदर्शन गरिएको थियो। प्रदर्शनीमा नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, महासंघका पूर्वअध्यक्षहरु कुशकुमार जोशी, पशुपति मुरारका, प्रदीपकुमार श्रेष्ठ, शेखर गोल्छाका क्यारिकेचर आर्टहरु प्रदर्शन गरिएका थिए।

फोब्समा सूचीकृत नेपालका एक मात्रै डलर अर्बपति विनोद चौधरी, नेपाल उद्योग परिसंघका पूर्वअध्यक्षहरु हरिभक्त शर्मा, व्यवसायीहरु राजेन्द्रकुमार खेतान, कुमुद दुगड, पवन गोल्याण, ज्योत्स्ना श्रेष्ठ, राजेशबाबु श्रेष्ठ, राजबहादुर सिंह, विश्वास ढकाल, यमुना श्रेष्ठ, विदुषी राणा, रामचन्द्र संघाई, उमेश श्रेष्ठ लगायतका आर्टहरु प्रदर्शन गरिएको थियो।

यस्तै अन्जन श्रेष्ठ, देवीप्रकाश भट्टचन, एनसेलका सीईओ जब्बोर कायुमोभ, बिष्णु न्यौपाने, सौरभ ज्योति, दीपक मल्होत्रा, लाक्पा सोनाम शेर्पाका क्यारिकेचर आर्टहरु पनि प्रदर्शन गरिएका थिए। चित्रकलालाई स्वयम व्यवसायीका साथै आम अवलोकनकर्ताले प्रसंशा गर्दै सुधारका लागि सुझावहरु समेत दिएका छन। उनीहरुले आगामी दिनमा पनि यस किसिमका कार्यक्रमलाई निरन्तरता दिई व्यवसायिक क्षेत्रलाई समेत चित्रकलामा प्रस्तुत गर्ने अभ्यासलाई कायम राख्न सुझाव दिएका छन।

# यूपिभिसी व्यवसायी संघ नेपालको अध्यक्षमा रेग्मी

**काठमाडौं/मस-** यूपिभिसी व्यवसायी संघ नेपालको अध्यक्षमा हिरालाल रेग्मी (नारायण) चयन भएका छन। यूपिभिसी व्यवसायी संघ नेपालको वार्षिक साधारणसभा तथा दोश्रो अधिवेशनले आगामी दुई वर्षको कार्यकालको लागि पुन: रेग्मीको नेतृत्वमा कार्यसमितिको सर्वसम्मत चयन भएको हो। अध्यक्ष रेग्मीले दोस्रो पटक जिम्मेवारीलाई व्यवसायीको हितमा काम गर्ने प्रतिवद्धता व्यक्त गरे। उनले सरकारले बजेटको तयारी गरेको अवस्थामा आगामी बजेट युपिभिसी व्यवसायीको समस्यालाई समाधान गर्नेगरी निति बनाउने पहल गर्ने बताए।



संघको उपाध्यक्ष रमेश प्रसाद तिमल्सिना महासचिव रोहित दाहाल चयन भएका हुन। यस्तै संघको सचिवमा छत्र बाहादुर बस्नेत र कोषाध्यक्ष निलेश राउत चयन भएका छन। सदस्यमा रीता अधिकारी, भीयजन वास, पवन पुर्जा, प्रविण श्रेष्ठ ,रवीन कुमार श्रेष्ठ, उनील श्रेष्ठ, नविन दङगाल, उमेश अधिकारी, जयन्द्र भट्टराई राजेन्द्र रिजाल, विनोद घिमिरे लगायत चयन भएका छन। साधरणसभा नेपालभरिका यूपिभिसी व्यवसायी, यूपिभिसी उत्पादनकर्ता, यूपिभिसी आयातकर्ता, यूपिभिसी हार्डवयेर आयात कर्ता,सिसा आयातकर्तालाई अन्तशुल्क तथा कर सम्बन्धी सचेतना तालिम लिएका थिए समेत दिईएको थियो।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**